हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २९, अंक १४५ काठमाडौं | २०८१ जेठ ७ सोमबार | वैशाख शुक्लपक्ष, द्वादशी नेपाल संवत् ११४४ | HIMALAYA TIMES | Monday 20 May 2024 | पृष्ठ ८ | मूल्य रु ५।-


# चौथोपटक विश्वासको मत लिँदै प्रधानमन्त्री

**नकुल अर्याल/हिटा**

काठमाडौं, ६ जेठ

सरकारको नेतृत्व लिएको १७ महिना नपुग्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोमबार चौथोपटक विश्वासको मत लिँदै हुनुहुन्छ । सरकारमा रहेको जनता समाजवादी पार्टी नेपाल विभाजित भएको र एक पक्षले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पृष्ठभूमिमा प्रधानमन्त्री प्रचण्डले चौथोपटक विश्वासको मत लिन लाग्नुभएको हो । प्रधानमन्त्री प्रचण्डले जेठ ४ गते नै संसद् सचिवालयमा जेठ ७ गते आफूले सदनमा विश्वासको मत लिने भन्दै कार्यसूचीमा राख्न पत्र पठाउनुभएको थियो । सोहीअनुसार सोमबार ११ बजे बस्ने प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्रीको विश्वासको मतसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने तयारी सभामुख देवराज घिमिरेले गर्नुभएको छ ।

संविधानको धारा १५२ को दफा १ मा 'सरकारमा प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा त्यसरी दल विभाजित भएको वा समर्थन फिर्ता लिएको सूचना प्राप्त भएको तीस दिनभित्र प्रधानमन्त्रीले प्रतिनिधि सभाबाट विश्वासको मत लिनका लागि प्रस्ताव पेस गर्ने सूचना महासचिव वा निजको अनुपस्थितिमा सचिवलाई दिनुपर्ने' उल्लेख छ ।



### उपेन्द्र सर्वोच्चमा



लामो समयसम्म माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डको विश्वासपात्र र निरन्तर सहयात्रीको रूपमा रहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव यतिबेला उहाँसँग निकै रुष्ट हुनुहुन्छ । सरकारमा उपप्रधानमन्त्री रहेकै बेला प्रधानमन्त्री समेतको सहयोगमा आफ्नो पार्टी विभाजन गराइएको आरोप उपेन्द्रको छ । पार्टी विभाजनबारे सर्वोच्चमा मुद्दा विचाराधीन रहेकाले पार्टी विभाजनमा लागेका सातजना सांसदलाई विश्वासको मतसम्बन्धी प्रक्रियामा भाग लिन नदिन आदेशको माग गर्दै यादवले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको छ । यादवका तर्फबाट कानुन व्यवसायीले दायर गरेको रिटमा अशोक राईसहित पार्टी छाडेको घोषणा गरेका सातजना सांसदको 'पद कायम नरहेकाले' सदनको कारबाहीमा सहभागी हुन नमिल्ने जिकिर गरिएको छ । यादवले आइतबार नै संसद् सचिवालयलाई पत्र लेखी दल विभाजनसम्बन्धी मुद्दामा सर्वोच्चले अन्तरकालीन अन्तरिम आदेश दिएको र जेठ ८ गते पेसी भएकाले मुद्दाको टुंगो नलागेसम्म सातजना सांसदलाई संसद्को प्रक्रियामा सहभागी नगराउन माग गर्नुभएको छ ।

### समर्थन निरन्तर संकुचित

२०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएपछि प्रचण्डले २०७९ पुस २६ गते प्रतिनिधि सभाबाट विश्वासको मत लिनुभएको थियो । त्यतिबेला उहाँलाई सदनमा उपस्थित २७० मध्ये २६८ जनाले विश्वासको मत दिएका थिए । सरकारमै सहभागी एमाले, रास्वपा, राप्रपा, जसपा, नेकपा एस, जनमत, नागरिक उन्मुक्तिसहित सरकारमा सहभागी नभएको नेपाली कांग्रेसले पनि प्रचण्डलाई विश्वासको मत दिएको थियो ।

- सभामुखलाई निवेदन
- कति जुट्ला समर्थन ?

राष्ट्रपति निर्वाचनमा राजनीतिक समीकरण बदलिएपछि नेकपा एमाले, रास्वपा र राप्रपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएका थिए । त्यसपछि प्रधानमन्त्री प्रचण्डले २०७९ चैत ६ गते सदनमा दोस्रोपटक विश्वासको मत लिनुभएको थियो । दोस्रोपटक एमाले, रास्वपा र राप्रपा लगायतका दलहरूले विश्वासको मत नदिए पनि प्रधानमन्त्री प्रचण्डले उपस्थित २६२ मध्ये १७२ जना सांसदको समर्थन प्राप्त गरेका थिए ।

राष्ट्रियसभा अध्यक्षको निर्वाचनको सन्दर्भमा समीकरण पुन: फेरिएपछि नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । त्यसपश्चात् प्रधानमन्त्री प्रचण्डले गत फागुन ३० गते तेस्रोपटक विश्वासको मत लिनुभएको थियो । तेस्रो पटकमा उहाँलाई प्रतिनिधि सभाका १५७ जनाले विश्वासको मत दिएका थिए ।

यसरी हेर्दा प्रधानमन्त्री प्रचण्डको समर्थनको दायरा हरेकपटक संकुचन भएको देखिन्छ । यसपटक पनि जसपा विभाजनका कारण

» पृष्ठ २ मा क्रमशः

## सहकारी प्रकरणमा कुनै संलग्नता नरहेको गृहमन्त्रीको दाबी

# 'कांग्रेसले प्रतिशोध साँध्यो, जस्तोसुकै छानविन समितिबाट डराउन्नँ'





**अनिल क्षेत्री/हिटा**

काठमाडौं, ६ जेठ

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आफू सूर्यदर्शन लगायतका सहकारीको कुनै रकम अपचलन नगरेको दाबी गर्नुभएको छ । आइतबार प्रतिनिधि सभाको बैठकमा बोल्दै गृहमन्त्री लामिछानेले आफू गोर्खा मिडिया प्रालिमा रहँदा सहकारीबाट ऋण लिने विषयमा कुनै निर्णय नभएको, ऋण लिने प्रक्रियामा आफ्नो कुनै निवेदन, हस्ताक्षर नभएको जिकिर गर्दै आफ्नो बैंक खातामा पैसा आएको देखाउन चुनौतीसमेत दिनुभएको छ । लामिछानेले आफू सहकारीको सञ्चालक र सदस्य केही पनि नभएको दाबी गर्नुभएको छ । उहाँले गोर्खा मिडियाको एमडी हुँदाका बखत निर्णय गराएर सहकारीको रकम नल्याएको दाबी गर्दै सहकारीको रकम ठगीमा आफ्नो संलग्नता नभएको जिकिर गर्नुभयो । कांग्रेस सरकारमा हुँदा आफूविरुद्ध तथ्य खोज्नका लागि बल लगाएको तर नसकेको लामिछानेको भनाइ छ । जिबी राईले गरेका फोहोरको भारी आफूमाथि नथोपर्न आग्रह गर्दै उहाँले आफूमाथि मिडियाबाजी गरेर मिडियाको हेडलाइनका आधारमा कांग्रेसले संसद् अवरुद्ध गरेको आरोपसमेत लगाउनुभयो ।

### प्रधानमन्त्रीको अफरबारे प्रष्ट पार्न कांग्रेस सभापतिलाई आग्रह

गृहमन्त्री लामिछानेले नेपाली कांग्रेसले आफूलाई डेढ वर्षका लागि प्रधानमन्त्रीको प्रस्ताव गरेको खुलासा गर्नुभएको छ । गृहमन्त्री बन्नुभन्दा अघिल्लो रात आफूलाई प्रधानमन्त्रीको प्रस्ताव गरेको र आफूले नमानेपछि भोलिपल्टदेखि संसद् बन्द गरेको उहाँको जिकिर छ । उहाँले आफूलाई प्रधानमन्त्रीको अफर गरेको हो कि होइन ? भनी सदनबाटै स्पष्ट पार्न कांग्रेस सभापति देउवालाई आग्रह गर्नुभएको छ । सो प्रस्ताव नगरेको भन्न सभापति देउवालाई चुनौती दिँदै गृहमन्त्री लामिछानेले भन्नुभयो, 'अघिल्लो रात प्रधानमन्त्रीको अफर गर्नेले पछिल्लो दिन संसद् अवरोध गऱ्यो । कांग्रेस सभापतिलाई मेरो आग्रह छ, यहाँ आएर यसबारे प्रष्ट पारिदिनु होला । गृहमन्त्री बन्न नमिल्ने भए प्रधानमन्त्री बन्न चाहिँ कुन नैतिकताले मिल्ने रहेछ ? मेरो प्रश्न छ, हिजो मलाई डेढ वर्ष प्रधानमन्त्रीका रूपमा स्वीकार गर्ने अफरको डेट एक्सपायर भयो कि बाँकी छ ? यो कुराको जवाफ यही सदनमा उभिएर कांग्रेस सभापतिले दिनुभयो भने मेरो लागि कल्याण हुनेछ ।'

### 'अर्को दलको सांसदलाई सदनमा बोल्न दिने कि नदिने निर्णय गर्नु कुन लोकतन्त्र हो ?'

गृहमन्त्री रवि लामिछानेले संसद्मा कसलाई बोल्न दिने र कसलाई बोल्न नदिने भन्ने निर्णय पार्टीबाट गर्नु कुन लोकतान्त्रिक अभ्यास हो ? भन्दै प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई प्रश्न गर्नुभएको छ । कांग्रेसले एकजना सांसदलाई बोल्न दिने पार्टीबाट निर्णय गरेकोप्रति आक्रोश व्यक्त गर्दै लामिछानेले भन्नुभयो, 'किसुनजी र गणेशमानजीको पार्टी यस्तो अलोकतान्त्रिक हुन्छ ? लोकतान्त्रिक दलले अर्को पार्टीको सांसदलाई बोल्न नदिने निर्णय गर्न मिल्छ ? यो कुन अभ्यास हो ? किसुनजी र गणेशमानजीको कांग्रेस लोकतन्त्रको यो कस्तो अभ्यास हो ?'

### कांग्रेसले राजनीतिक दमन र दादागिरी देखाएको आरोप

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले व्यक्ति केन्द्रित नभई समस्या केन्द्रित भएर काम गर्न प्रतिपक्ष दल नेपाली कांग्रेसलाई आग्रह गर्नुभएको छ । आइतबार प्रतिनिधि सभाको बैठकमा बोल्दै लामिछानेले सहकारीको विषय ल्याएर कांग्रेसले एउटा व्यक्तिविरुद्ध राजनीतिक दमन र दादागिरी गरेको आरोप लगाउँदै भन्नुभयो, 'एउटा व्यक्तिलाई खुइल्याउने, बोल्न नदिने, अपमानित गर्ने, बोल्न पनि नदिएको मान्छेलाई किन डराएको, छानविनसँग किन

» पृष्ठ २ मा क्रमशः

### देशका सूचना विदेशीलाई बेच्नेलाई कारबाही गर्न माग

उपप्रधान एवं गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले नेपाली कांग्रेसका महामन्त्री गगन थापाप्रति आक्रोश व्यक्त गर्नुभएको छ । आइतबार प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्नेक्रममा महामन्त्री थापामाथि आक्रोश व्यक्त गर्दै लामिछानेले

» पृष्ठ २ मा क्रमशः

### टीकापुर जग्गाको फाइल खोल्ने उद्घोष

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले टीकापुर जग्गा प्रकरणमा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी आरजू राणालाई तान्नसक्ने संकेत गर्नुभएको छ । आफूविरुद्धको मिडियाबाजीबाट पछि नहट्ने उद्घोष गर्दै उहाँले भन्नुभयो, 'मलाई साथीहरू भन्छन् मिडिया मिलाउनुस् । म भन्छु, म मिलाउँदिनँ मिडिया, म जनताका लागि विद्यालय, अस्पताल मिलाउन आएको हुँ । नमिलेका कानुनका धाराहरू मिलाउन आएको हुँ । अनुसन्धान हुँदाहुँदै रोकिएका फाइलहरू अघि बढाउने व्यवस्था मिलाउन आएको हुँ । मिडिया मिलाउन आएको होइन । बाँसबारी मिलाएँ, बाल मन्दिर मिलाएँ, टीकापुर मिलाउँछु, तर मिडिया मिलाउन सक्दिनँ ।'

### गृहमन्त्रीलाई गगन थापाको चुनौती- 'फाइल खोलौँ ? भनेर धम्क्याउने होइन, खोलेर देखाउनुस्'



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले गृहमन्त्री रवि लामिछानेलाई फाइल खोलौँ, खोलौँ भन्दै नधम्क्याई फाइल खोलेर देखाउन चुनौती दिनुभएको छ । आइतबार प्रतिनिधिसभा गृहमन्त्री रवि लामिछानेले सम्बोधन गरेलगत्तै साँझ नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से हलमा पत्रकार सम्मेलन गर्दै महामन्त्री

- गृहमन्त्री हो कि टेलिभिजन प्रस्तोता ?
- सभामुखको सचिवालयले भन्यो- कांग्रेसलाई बोल्न रोकिएको थिएन

» पृष्ठ २ मा क्रमशः

### गृहमन्त्री जोडिएकाले संसदीय छानविन समिति आवश्यक

महामन्त्री थापाले अस्तिसम्म सांसद मात्रै रहेका रवि लामिछाने अहिले उपप्रधानमन्त्री एवं गृहमन्त्रीसमेत रहेका कारण संसदीय छानविन समिति गठन गर्नुपर्ने परिस्थिति बनेको बताउनुभएको छ । उहाँले सांसद मात्रै हुँदा लामिछानेमाथि सहकारी ठगीमा प्रहरी र सिआइबीले अनुसन्धान गरिरहेको र लामिछाने गृहमन्त्री भएपछि ती छानविनका सबै कामहरू रोकिएको दाबी गर्नुभयो । पत्रकार सम्मेलनमा महामन्त्री थापाले गृहमन्त्री लामिछानेले संसद्मा टेलिभिजन प्रस्तोताको जस्तो गरी आक्रोश पोखेको र तिमीहरू सबैले हिजोदेखि चोऱ्यौ, अहिले मैले पनि चोर्न पाउनुपर्छ भन्ने ढंगले प्रस्तुत भएको बताउनुभयो । भ्रष्टाचारको फाइल खोल्ने, छानविन गर्ने, अनुसन्धान गर्ने निकायको नेतृत्वमा रहेर गृहमन्त्री लामिछानेले संसद्बाट कसैलाई पनि धम्क्याउन आवश्यक नभएको थापाको भनाइ छ ।

### गठबन्धन फेर्न रास्वपा सांसदहरू कांग्रेस नेताका घर-घर पुगेको दाबी

महामन्त्री थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरू डेमोक्रेटिक अलाइन्स (प्रजातान्त्रिक गठबन्धन)का लागि कांग्रेस नेताहरूको घर-घरमा पुगेको खुलासा गर्नुभएको छ । आइतबार साँझ नयाँ बानेश्वरस्थित संसद् भवनको ल्होत्से हलमा पत्रकार सम्मेलन

» पृष्ठ २ मा क्रमशः

## सहकारी प्रकरणमा सत्ता-प्रतिपक्षीको आ-आफ्नै अडान

# छानविन समिति बनाउन सहमत, टिओआरमा टस न मस

**डिबी शर्मा/हिटा**

काठमाडौं, ६ जेठ

- संसदीय समितिको नाममा झारो टार्ने काममा सरकार लाग्यो : कांग्रेस
- सहकारी ठगी र गिरीबन्धु टी-स्टेट प्रकरणको छानविन माग गर्दै नेविसंघको प्रदर्शन
- राष्ट्रियसभा पनि सरेको सऱ्यै

सहकारीको अर्बौं रकम हिनामिना प्रकरणको छानविन गर्न संसदीय समिति बनाउने विषय समितिको कार्यादेश (टिओआर)का विषयमा अड्किएको छ । बचतकर्ताको रकम अपचलन, हिनामिना र ठगी प्रकरणमा संसदीय छानविन समिति गठन गर्न सहमत भएका प्रमुख दलहरू समितिको टिओआरमा पुगेर अड्किएको हो । समिति गठनका विषयमा



कुरा नमिलेपछि जारी राजनीतिक गतिरोध अन्त्य गर्ने प्रयास फेरि एकपटक असफल भएको छ । शनिबार साँझ बालुवाटारमा सत्ता र प्रमुख प्रतिपक्ष दलका शीर्ष नेता संसदीय छानविन समिति गठन गर्न सहमत भएका थिए । सहमतिअनुसार सत्ता र प्रतिपक्षबाट

» पृष्ठ २ मा क्रमशः

## कानुन व्यवसायीहरूको राष्ट्रिय सम्मेलन

# सर्वोच्चको न्यायाधीश नियुक्तिदेखि प्रधानन्यायाधीशको संवैधानिक परिषद्मा सहभागिताउपर प्रश्न

**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, ६ जेठ

नेपाल बार एसोसिएसनले सर्वोच्च अदालतको पुनर्संरचनाको मुद्दा सशक्त रूपमा उठाएको छ । काठमाडौंको कमलादीमा सम्पन्न नेपाल बार एसोसिएसनको तीनदिने सम्मेलनले सर्वोच्च अदालतको पुनर्संरचनादेखि, देशभरका अदालतमा अटोमेशन तोक्नेदेखि न्यायाधीश नियुक्तिमा पारदर्शीताको सवालमा सुदृढीकरण ल्याउनुपर्ने माग सशक्त रूपमा उठाएको हो ।

अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलनमार्फत बारले घोषणापत्र तयार गर्दै न्यायालयको पुनर्संरचनाको विषयलाई उठान गरेको छ भने संविधानको संशोधनमार्फत उक्त विषयहरूलाई सम्बोधन गर्नुपर्ने आवाजसमेत उठाएको छ । सम्मेलनले न्यायालयको पुनर्संरचनादेखि चोलेन्द्र शमशेर राणाको महाअभियोग सम्मका कुरा नेपाल बार एसोसिएसनले आगामी दिनमा आन्दोलनको मुद्दा बनाउने भएको छ ।

न्यायपालिका पुनर्संरचनाको मुख्य मुद्दा बनाउँदै देशभरका अदालतमा पेसी तोक्न अटोमेशन लागू गराउने अनि न्यायाधीश नियुक्ति पारदर्शी तथा निश्चित मापदण्ड बनाउन दबाब दिने निष्कर्षमा कानुन व्यवसायीहरूको छाता संगठन बार पुगेको हो । घोषणापत्रले न्यायालयका विकृति विसंगतिलाई हटाउन तथा न्यायालयलाई स्वतन्त्र बनाउन प्रधानन्यायाधीशको समेत भूमिकामाथि पुनर्विचार गर्नुपर्ने भन्दै आगामी लक्ष्यसमेत तय गरेको छ ।



**बारको प्रतिवेदनले उठाएका मुद्दाहरू**

- संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशलाई अलग गराउनुपर्ने
- न्यायाधीशको संसदीय सुनुवाइ हटाउनुपर्ने
- न्याय परिषद्का सदस्य आफैं न्यायाधीश हुने अभ्यासलाई रोक्नुपर्ने
- न्यायाधीशको उमेरहद बढाउनुपर्ने
- चोलेन्द्रको महाभियोग टुंग्याउनुपर्ने
- न्यायाधीशबीच भेदभाव गराउने नियमावली खारेज हुनुपर्ने
- सर्वोच्चको क्षेत्राधिकार घटाउनुपर्ने
- पूर्व न्यायाधीशले मध्यस्थता गर्न पाउनुपर्ने
- संवैधानिक इजलास स्थायी बनाउनुपर्ने

### न्यायपालिका पुनर्संरचनाका लागि गठित समितिको प्रतिवेदन पारित

यसअघि बारले सर्वोच्च अदालत बार एसोसिएसनका पूर्वअध्यक्ष एवं वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको नेतृत्वमा न्यायपालिका पुनर्संरचनाका लागि प्रतिवेदन निर्माण गर्ने भन्दै समिति गठन गरेको थियो । वरिष्ठ अधिवक्ता शाक्य संयोजक रहेको समितिमा वरिष्ठ अधिवक्ताहरू मुक्ति प्रधान, सविता भण्डारी बराल, डा. चन्द्रकान्त ज्ञवाली, रमेश बडाल,

» पृष्ठ २ मा क्रमशः

CMYK

## चन्द्र नहरमा पुल



मुलुकको सबैभन्दा पुरानो चन्द्र नहरको पुनर्निर्माण तथा मर्मत सम्भारपछि बनेको पुल । जापान सरकारले नेपाल सरकारलाई चन्द्र नहरको पुन:निर्माणका लागि दुई अर्ब आर्थिक सहयोग गरेपछि मर्मतसम्भार सुरु भएको थियो । तस्बिर : अनिल पोखरेल/हिटा

# अटिजम भएका विद्यार्थीलाई पढाउने शिक्षकलाई शिक्षण अनुमतिपत्र आवश्यक छ : मन्त्री श्रेष्ठ

**हिमालय टाइम्स**
काठमाडौं, ६ जेठ

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले अटिजम भएका विद्यार्थीलाई पढाउने शिक्षक र मनोपरामर्शदाता शिक्षण अनुमतिपत्र आवश्यक रहेको बताउनुभएको छ । आइतबार माइतीघर मण्डलामा विगत पाँच दिनदेखि उभिएर विरोध जनाउँदै आएका नेपाल समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सदस्य नेत्र चापागाईंको मागलाई ऐक्यबद्धता जनाउँदै उहाँले यस्तो बताउनुभएको हो । उहाँले अटिजम काउन्सिलरहरूको लागि इजाजतपत्रको व्यवस्था गर्न मन्त्रालय लागिरहेको बताउनुभयो । उहाँले अनुमतिपत्र भएपछि मात्रै विद्यालय खोल्नुको औचित्य हुने भएकाले सरकारले त्यस काममा आवश्यक कदम चालिरहेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, 'अटिजम भएकोमा हामी क्लियर के हुनुपर्छ भने नेपालमा न काउन्सिलरहरूको लागि लाइसेन्सिङ छ, न अटिजम अकुपेसन



थेरापी गर्नेको लाइसेन्स छ । जबसम्म लाइसेन्सिङ प्रभिजन आउँदैन, स्कुल खोलेर मात्रै कसले काम गर्छ ? लाइसेन्सिङ हुनुपर्छ भनेर म गम्भीरतापूर्वक लागिसकेको छु ।'

आन्दोलनरत नेपाल समाजवादी विद्यार्थी युनियनका केन्द्रीय सदस्य नेत्र चापागाईंले आधारभूत तहको शिक्षामा सरकारी तह र निजीको असमानतालाई हटाउन माग गर्नुभयो । उहाँले विद्यार्थीको खाजा खर्च १५ रुपैयाँ रहेकोमा ५० बनाउनुपर्ने, शिक्षक कर्मचारीको तलब अन्तर्राष्ट्रिय मान्यताको आधारमा बनाउनुपर्ने मागसहित विगत पाँच दिनदेखि उभिएर विरोध जनाइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'विगत पाँच दिनदेखि आधारभूत तहको शिक्षा जुन छ, बालबालिकाको त्यो सरकारी तह र निजीको असमानता छ, त्यसलाई एउटै नीतिगतअन्तर्गत समेट्नुपर्ने, विद्यार्थीको खाजा खर्च १५ रहेकोमा ५० बनाउनुपर्ने, शिक्षक कर्मचारीको तलब अन्तर्राष्ट्रिय मान्यताको आधारमा बनाउनुपर्छ । शिक्षक, कर्मचारीलाई तालिम दिनुपर्छ । विद्यार्थीहरूको सिकाइ सामग्री जुन विद्यालयमा छैन, त्यो बजेटमार्फत ग्यारेण्टी गर्नुपर्छ । कुन सरकारले आधारभूत तहको शिक्षा हेर्ने भन्ने कुरामा राज्य बोल्नुपर्छ ।' उहाँले अटिजम भएका विद्यार्थीलाई पढाउने शिक्षक र कर्मचारीलाई तालिम दिनुपर्ने, विद्यार्थीको सिकाइ सामग्री जुन विद्यालयमा बजेटमार्फत सिकाइ सामग्रीको ग्यारेण्टी गर्नुपर्ने र । कुन सरकारले आधारभूत तहको शिक्षा हेर्ने भन्ने कुरामा स्पष्ट हुनुपर्ने माग गर्नुभयो ।

# झापाको बिरिङ र निन्दामा बाढीको पूर्वसूचना दिने प्रणाली जडान

**झापा/रासस**

जल तथा मौसम विज्ञान विभागले झापाको दुई ठूला नदी बिरिङ र निन्दामा बाढी मापन तथा पूर्व सूचना प्रणाली जडान गरेको छ । पूर्व-पश्चिम राजमार्गको पुलमा जडान गरिएका ती उपकरणले बाढी आउनु पहिले जानकारी दिने विभागका प्रवक्ता सुनिल पोखरेलले बताउनुभयो । यसअघि झापाको कनकाई नदीमा मात्र यस्तो बाढी मापन तथा सूचना प्रणाली सञ्चालनमा थियो । नदी जोखिम न्यूनीकरण आयोजनामार्फत पूर्व-पश्चिम राजमार्गमा पर्ने नदीका पुलमाथि बाढी मापन उपकरण जडान धमाधम भइरहेको उहाँले बताउनुभयो । मोरङ जिल्लाको बक्राहा नदीमा पनि यस्तै प्रणाली जडान गरिएको छ । 'उपकरण जडान गर्ने काम भइसक्यो,' उहाँले भन्नुभयो, 'प्रणालीमार्फत आउने जानकारीलाई विभागको वेबसाइटमा राख्ने र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्ने काम गर्नेछौं ।' झापामा कनकाई, बिरिङ, निन्दा, मेची, रतुवा र मावा नदीको बाढीले बर्सेनी ठूलो क्षति पुर्‍याउँदै आएको छ । कनकाईमा जडान गरिएको उपकरणले दिने जानकारीका आधारमा नदी आसपासका बासिन्दालाई सतर्कताका लागि मोबाइल एसएमएस सन्देश पठाउने गरिएको छ ।

'अब बिरिङ र निन्दा नदीको आसपास तटीय क्षेत्रमा बसोबास गर्दै आएका बासिन्दालाई नदीको जलसतह बढेको जानकारी एसएमएसबाट बेलैमा दिने व्यवस्था गर्दैछौं,' उहाँले भन्नुभयो, 'यसो भएमा बाढीबाट हुने जनधनको क्षति न्यूनीकरणमा ठूलो सघाउ पुग्छ । जोखिममा रहेका समुदाय सुरक्षित हुन्छन् ।' विभागले राजमार्गका मावा, रतुवा नदीमा समेत सो प्रणाली जडान गरिरहेको जनाएको छ । प्रणालीमा जडित स्वचालित उपकरणले वर्षा सुरु भएपछि १० मिनेटको अन्तरमा नदीमा बगिरहेको जलस्तरको बारेमा काठमाडौं र झापास्थित सूचना केन्द्रमा जानकारी पठाउने गर्छ । त्यही जानकारीको विश्लेषण गरेर बाढी आउने सम्भावना बारे नदी तटीय क्षेत्रमा बसोबास गरेका सर्वसाधारणलाई सतर्कताको सन्देश प्रेषण गरिने उहाँले जानकारी दिनुभयो ।

## कांग्रेसले राजनीतिक...

« पृष्ठ १ बाट क्रमशः

डराएको किन भागेको भनेर लल्कारिरहने अनि समस्याको समाधान गर्नका लागि कहींबाट पनि प्रयास नगर्नुले के स्पष्ट पार्छ भने व्यक्ति केन्द्रित र भर्खरै आएको एउटा राजनीतिक दल, भर्खरै उदाएको नेतामाथि यति ठूलो इतिहास बोकेको राजनीतिक दलले यो राजनीतिक दमन होइन र ? यो राजनीतिक दादागिरी होइन र ? लोकतान्त्रिक पद्धतिलाई मानेर, संविधानअनुसार निर्वाचनको माध्यमबाट कहीं कतै कसैलाई हानि नपुर्‍याई रास्वपा यो सदनमा आएको हो । यसरी आएको नयाँ दललाई लोकतान्त्रिक दलहरूले कहीं न कहीं सहयोग गर्छन् होला, पानी हाल्छन् होला, मल हाल्छन् हामीलाई बचाउँछन् होला भनेको यहाँ निमोठ्न खोजियो ।'

## देशका सूचना...

« पृष्ठ १ बाट क्रमशः

भन्नुभयो, 'सहकारी ठग्ने, दोहोरो नागरिकता बोक्नेलाई मात्र होइन, कृषि अनुसन्धान (परिषद्) दुरुपयोगको आरोप लागेकालाई पनि कारबाही गर्नुपर्छ । देशका गोप्य सूचना विदेशीलाई बेच्नेलाई पनि कारबाही गर्नुपर्छ, देशको मन्त्री होस् या पार्टीको महामन्त्री । टीकापुर जग्गा प्रकरणको पनि फाइल खुल्छ ।' यद्पि, लामिछानेले गगन थापाको नाम भने उच्चारण गर्नुभएको थिएन । यसअघि महामन्त्री थापाले सहकारी ठग र दोहोरो नागरिकता बोक्नेलाई पनि कारबाही गरेर घर पठाउनुपर्ने बताउनुभएको थियो ।

गृहमन्त्री लामिछानेले दलबीच सहमति हुन्छ भने संसदीय छानविन समिति बनाउन आपत्ति नभएको बताउनुभएको छ । तर, समिति विधिमा टेकेर बनाउनुपर्ने जिकिर गर्दै गृहमन्त्री थापाले भन्नुभयो, 'प्रमुख दलबीच सहमति हुन्छ भने संसदीय बनाउनुस् तयार छु । तर, निश्चित विधिमा टेकेर हुनुपर्छ । सस्तो रूपमा बनाउनु हुँदैन । तर, समाचार आएको भरमा नाम तोकेर व्यक्ति केन्द्रित समिति बनाउने हो ? लोकतन्त्रको लामो यात्रा गरेका दलले तय गरून् ।' आफ्नो जस्तै आरोप लगाएर धेरै नेताको नाम आएको भन्दै उहाँले कांग्रेस नेताको नाम आएकाले उनीहरूमाथि व्यक्ति केन्द्रित समिति बनाउन तयार हो ? भन्दै प्रश्न गर्नुभएको छ । कांग्रेस महामन्त्री गगन थापाविरुद्ध बाख्रापालन र रातो पासपोर्टका विषयमा धनराज गुरुङमाथि पनि छानविन समिति बनाउने हो ? भन्दै उहाँले प्रश्न गर्नुभयो । गृहमन्त्री लामिछानेले आफू जिरोबाट उठेको भन्दै सरकार, पार्टी र देश नै छोड्न तयार रहेको बताउनुभएको छ । सबैथोक त्यागेर पनि आफू परीक्षामा उत्रिन तयार रहेको बताउँदै लामिछानेले भन्नुभयो, 'रास्वपालाई हटाएर यस्तो समिति बनाउने हो भन्नुस् रास्वपा तयार छ । के गर्नुपर्ने हो ? सदस्य त्यागेर, सभापति, सांसद नभएर नागरिकसमेत नभएर जिरोमा पुगिसकेको मान्छे हुँ । तपाईंहरूलाई के लाग्छ ? भन्नुस् के छोडेर हुन्छ ? सदन, मन्त्रालय, पार्टी देश के छोड्नुपर्छ तयार छु । व्यक्ति केन्द्रित समिति भने मान्य हुँदैन ।'

## गृहमन्त्रीलाई गगन...

« पृष्ठ १ बाट क्रमशः

थापाले भन्नुभयो, 'फाइल खोलौं, खोलौं भनेर धम्काउने होइन के, छानविन गरौं, गरौं भन्ने होइन । म महामन्त्री यहीं छु, उपसभापति धनराज गुरुङ यहीं हुनुहुन्छ । सबै छानविन गर्नुस्, नधम्क्याउनुस्, नतर्साउनुस् ।' उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने प्रतिनिधि सभामा बोलेपछि आफूहरूले बोल्न पाउनुपर्ने माग गरे पनि सभामुख देवराज घिमिरेले समय नदिएको उहाँको भनाइ छ ।

## गठबन्धन फेर्न...

« पृष्ठ १ बाट क्रमशः

आयोजना गर्नुभएका थापाले पहिला कांग्रेसका र अहिले रवि लामिछानेका मित्र (सायद डा.स्वर्णिम वाग्ले) ले यस्तो काम गरिरहेको दाबी गर्दै भन्नुभयो, 'म उहाँहरूको गोपनीयता भंग गर्न चाहन्न । तर, पहिले नेपाली कांगेसको र अहिले रवि लामिछानेका अभिन्न मित्रले नेपाली कांग्रेसका नेताहरूको घर-घरमा पुगेर हामी डेमोक्रेटिक अलाइन्सका लागि तयार छौं भन्दै संसदीय समितिको टिओआरमा लचक भइदिन आग्रह गर्नुभएको छ । उहाँले मसँग पनि भेटेर हामीलाई एमालेसँग नजिक हुन बाध्य नपारिदिनुस् भन्नुभएको थियो ।'

### गृहमन्त्री हो कि टेलिभिजन प्रस्तोता ?

महामन्त्री थापाले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले संसद्मा दिएको अभिव्यक्ति टेलिभिजन प्रस्तोता जस्तो भएको टिप्पणी गर्नुभएको छ । उपप्रधानमन्त्री लामिछानेले सहकारी प्रकरणमा आफूमाथि उठेको प्रश्नको जवाफ संसद्मा दिएलगत्तै पत्रकार सम्मेलन गरी महामन्त्री थापाले भन्नुभयो, 'गृह मन्त्रालय भनेको त ठूलो जिम्मेवारी हो नि । हाम्रो सरकारको कार्य सञ्चालन नियमावलीले पनि गृह मन्त्रालयलाई त्यसमाथि पनि अझ उपप्रधानमन्त्री कति धेरै महत्त्वपूर्ण जिम्मेवारी दिइएको छ । आज मैले उहाँले भन्दै गर्दा यसो सुनेको थिएँ, म तेरो फाइल खोलिदिऊँ ?, म तेरो अनुसन्धान गरिदिऊँ ? मेरो गर्छु भन्छस् भने तेरो पनि गरिदिन्छु । अरे बाबा, गृहमन्त्रीले यस्तो भन्ला र गृहमन्त्रीले त धमाधम फाइल पनि खोल्ने हो । धमाधम अनुसन्धान गर्ने हो । त्यसपछि त्यसलाई गल्ती गरेको छ भने निर्णय गराउने हो । फैसला गराउने हो, कार्यान्वयन गराउने हो । उहाँको सम्बोधन मात्र टेलिभिजन प्रस्तोताको जस्तो भयो ।'

### सभामुखको सचिवालयले भन्यो– कांग्रेसलाई बोल्न रोकिएको थिएन

सभामुख देवराज घिमिरेको सचिवालयले आइतबार साँझ बसेको प्रतिनिधिसभा बैठकमा नेपाली कांग्रेसलाई बोल्न नरोकिएको बताएको छ । आइतबारको बैठकमा पूर्व-सहमतिअनुसार नै कांग्रेस वेल घेर्न नआएको सभामुख देवराज घिमिरेका प्रेस विज्ञ शेखर अधिकारीले बताउनुभयो । 'आजको बैठकमा सभामुखले कांग्रेसलाई बोल्न रोक्नुभएको होइन । कानुनमन्त्री पदम गिरी, प्रमुख विपक्षी दलका प्रमुख सचेतक रमेश लेखकसहित बसेको प्रमुख दलका मुख्य/प्रमुख सचेतकबीच नै आज गृहमन्त्रीलाई मात्रै बोल्न दिने सहमति भएको थियो,' उहाँले भन्नुभयो, 'सँगसँगै सभामुखले पनि कांग्रेसले उभिएर विरोध जनाएपछि बाँकी कार्यसूची अगाडि नबढाउने सहमति भएको थियो ।'

## छानविन समिति...

« पृष्ठ १ बाट क्रमशः

चार सदस्यीय कार्यदलसमेत गठन गरेर आइतबार दिनभर कार्यदलस्तरमा समितिको कार्यादेश बनाउन नेताहरू जुटेका थिए । तर, उनीहरूको छलफलले कुनै नतिजा दिन सकेन । टिओआरमा सहमति खोज्ने प्रयासस्वरूप कार्यदल र पार्टीभित्र विभिन्न चरणका छलफल भए पनि सत्ता र प्रतिपक्षले आ-आफ्नो अडान नछोडेपछि कुनै सहमति हुन सकेन ।

समितिको कार्यादेशमा सहकारीको रकम हिनामिनामा जोडिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नाम राख्ने कि नराख्ने भन्ने विषयमा दलहरूबीच कुरा मिल्न नसकेको हो । रविको नाम कार्यादेशमा राख्नुपर्छ भन्ने कांग्रेसको अडान छ भने सत्तापक्षले त्यसलाई स्वीकार नगरेको कांग्रेसका एक नेताले जानकारी दिनुभयो । उहाँका अनुसार जसका कारण सहमति जुट्न कठिन भएको हो । अरू लगभग कुरा मिले पनि छानविन समितिको कार्यादेशमा रवि लामिछानेको नाम राख्ने/नराख्ने भन्नेमै मुख्य मतभेद देखिएको अर्का एक नेताले जानकारी दिनुभयो । आइतबार बिहान कांग्रेससहित विपक्षी मोर्चाको बैठक बसेर लामिछानेलाई संसद्मा बोल्न दिन सहमत त भयो तर, समिति बनाउनेबारे सहमति हुन सकेन । सहमतिअनुसार लामिछानेले संसद् बैठकमा समेत बोल्नुभयो । उहाँले बोलेलगत्तै संसद् बैठक स्थगित भयो । त्यसपछि बन्दै गएको वातावरणसमेत बिग्रिने देखिएको छ ।

एउटा विषयमा बन्ने छानविन समितिको कार्यादेशमा अल्झिँदा सिंगो संसद् नै बन्धकजस्तै बनेको छ । कांग्रेसले संसद्को अधिवेशन सुरु भएयता सहकारी घोटालाको विषय चर्को रूपमा उठाउँदै आएको छ । नेपाली कांग्रेसले छानविन समितिलाई बटमलाइन बनाएपछि सुरुवाती दिनमा छानविन समितिको नामै उच्चारण गर्न नचाहेको सत्तापक्ष पछिल्लो समय समिति गठनमा लचक बने पनि टिओआरको सवालमा टसको मस नभएपछि समस्या गिजोलिएको हो । यसै विषयमा सहमति गर्न आइतबार साँझ बस्ने भनिएको दलहरूको बैठकसमेत बस्न सकेन ।

### संसदीय समितिको नाममा झारो टार्ने काममा सरकार लाग्यो : कांग्रेस

नेपाली कांग्रेसले सत्ता पक्ष सहकारीको रकम हिनामिना प्रकरणमा संसदीय छानविन समिति बनाउने कुरामा जिम्मेवारपूर्ण रूपमा प्रस्तुत नभएको आरोप लगाएको छ । सरकार संसदीय समिति बनाउन तयार भए पनि आरोप लागेका उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धान गर्न तयार नभएको कांग्रेस प्रमुख सचेतक रमेश लेखकले बताउनुभयो । आइतबार संसद् भवन परिसरमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले संसदीय समितिको नाममा झारो टार्ने काममा सरकार लागेको उहाँको भनाइ थियो । समग्र सहकारीको समस्या पनि कसरी समाधान गर्ने कुरा पनि उल्लेख गरेर जाने, जोखिमयुक्त, संकटग्रस्त सहकारीका बारेमा पनि बोलेर जाऊँ, त्यसका सँगसँगै सहकारीबाट विभिन्न व्यक्ति, निजी कम्पनीमा रकम अपचलन, हिनामिना, दुरुपयोगबारे पनि उल्लेख गर्न भने पनि सत्तापक्ष विषय केन्द्रित हुन नमानेको उहाँले बताउनुभयो । 'संसदीय छानविन समिति बनाउने भन्ने कुरामा सहमति नै छ । सत्ता पक्षका साथीहरू झापामा आगो लाग्यो कञ्चनपुरमा निभाउन जाऊँ भनेजस्तो देखियो । संघीय संसद् र देशभरमा जे विषय उठेको छ । त्यो विषयबारे प्रवेश नगर्ने, त्योबाहेक अरू कुरामा प्रवेश गरेर झारो टार्ने रूपमा प्रस्तुत हुनुभएकाले कुरा मिलिरहेको छैन ।' प्रमुख सचेतक लेखकले लामिछानेमाथि आरोप लागेकाले उहाँको नाम राखेरै संसदीय समिति बनाउनेबारे सहमति जुट्न नसकेको र कांग्रेस आफूहरूको मागबाट पछि नहट्ने बताउनुभयो ।

### सहकारी ठगी र गिरीबन्धु टी-स्टेट प्रकरणको छानविन माग गर्दै

### नेविसंघको प्रदर्शन

नेपाली कांग्रेसनिकट नेपाल विद्यार्थी संघले सहकारी ठगी र गिरीबन्धु टी-स्टेटमा भएको भ्रष्टाचारको छानविन गर्न माग गर्दै काठमाडौंमा प्रदर्शन गरेको छ । नेविसंघले आइतबार माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म सहकारी पीडितलाई न्याय दिनुपर्ने माग गर्दै प्रदर्शन गरेको हो । सहकारी प्रकरणमा मुछिएका उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले पदबाट राजीनामा दिनुपर्ने र गिरीबन्धु चिया बगानको जग्गा सट्टापट्टाको विषय छानविन माग गर्दै नेविसंघले प्रदर्शन गरेको हो । उनीहरूले सहकारी अनियमितता प्रकरणमा फरार जिबी राईलाई तत्काल पक्राउ गरी कानुनी कठघरामा उभ्याउन पनि माग गरेका छन् । प्रदर्शनमा उत्रिएकाहरूले चिया छानेको सहकारी ठग जोगाउन कत्ति जानेको, अब सिधा कुरा सहकारी ठगसँग, जिबी राई कहाँ छ ? ए रवि दाइ खै त जिबी राई ? लगायत लेखिएका प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए ।

### राष्ट्रियसभा पनि सरेको सऱ्यै

राजनीतिक गतिरोधको शिकार राष्ट्रियसभा पनि बनेको छ । प्रतिनिधिसभा निरन्तर अवरुद्ध भइरहेका बेला राष्ट्रियसभा बैठक पनि बस्न सकेको छैन । विशेष कारण देखाउँदै बैठक सरेको सऱ्यै छ । राष्ट्रिय सभाको आइतबार बस्ने तय भएको बैठक पनि बस्न सकेन । विशेष कारण देखाउँदै दिउँसो सवा ३ बजेलाई बोलाइएको बैठक आज (सोमबार) दिउँसो सवा १ बजेलाई सारिएको हो । प्रमुख विपक्षी नेपाली कांग्रेसले रवि लामिछाने संलग्न गोरखा मिडिया ग्रुप र त्यसमा लगानी भएको रकम निकालिएका सहकारीको बारेमा संसदीय छानविन आवश्यक भएको भन्दै त्यसबाहेक अरूमा सहमति हुन नसक्ने अडान लिएको छ । कानुन मन्त्रालयमा दिनभर भएको कार्यदलको बैठकमा संसदीय छानविन समितिको कार्यादेशमा यही विषय राख्नेमा कुरा नमिलेको हो ।

## समर्थन निरन्तर...

« पृष्ठ १ बाट क्रमशः

प्रधानमन्त्री प्रचण्डले साबिकमा भन्दा कम सांसदको समर्थन पाउने देखिन्छ । राजनीतिक समीकरण फेरबदलको सम्भावनाबारे पनि चर्चा चलिरहँदा संसद्मा जारी गतिरोधले पनि प्रधानमन्त्रीको समर्थनमा फरक पार्नसक्छ ।

### सभामुखलाई निवेदन

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अशोक राई पक्षका सातजना सांसदलाई विश्वासको मत दिनबाट रोक्न सभामुख देवराज घिमिरेसमक्ष पनि निवेदन दिनुभएको छ । उहाँले सभामुखलाई पठाएको निवेदन आइतबार संघीय संसद् सचिवालयमा दर्ता भएको छ ।

सभामुखलाई पठाएको पत्रमार्फत उहाँले सांसदहरू अशोककुमार राई, नवलकिशोर साह सुडी, रञ्जुकुमारी झा, वीरेन्द्रप्रसाद महतो, प्रदीप यादव, हसिना खान, सुशीला श्रेष्ठलाई विश्वासको मतको प्रक्रियामा सामेल नगराउन अनुरोध गर्नुभएको छ । कुनै दलको तर्फबाट निर्वाचित भएको जनप्रतिनिधिले पदावधि कामय रहेसम्म दलत्याग गर्न नपाउने कानुनी प्रावधान रहेको विषय निवेदनमा उल्लेख गर्दै यादवले विश्वासको मतको कार्यमा रोक्न उहाँले भन्नुभएको छ ।

### कति जुट्ला समर्थन ?

सहकारी ठगी प्रकरणमा संसदीय छानविन समिति बनाउने विषयमा पर्याप्त सहमति नजुटेकाले सोमबारको प्रतिनिधिसभा बैठकमा पनि प्रतिपक्षी अवरोध रहन सक्ने देखिन्छ । यद्यपि, हालसम्म नेकपा माओवादीका ३२, नेकपा एमालेका ७८, रास्वपाका २१ जनाले प्रधानमन्त्रीलाई विश्वासको मत दिने निश्चित छ । नेकपा एसका अध्यक्ष माधव नेपालले पनि प्रधानमन्त्रीलाई विश्वासको मत दिने बताइसकेका कारण नेकपा एसका थप १० जनाको समर्थन प्रधानमन्त्रीलाई हुने देखिन्छ । जसपा नेपालको सन्दर्भमा अदालतले भिन्न आदेश नगरेमा विभाजित जसपाका सात जनाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने अवस्था रहनेछ । त्यस्तै नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ पनि सरकारलाई विश्वासको मत दिने पक्षमा रहेकाले थप चार जनाको समर्थन जुट्ने देखिन्छ । यी मतहरू जोड्दा प्रधानमन्त्रीले कम्तीमा १४५ जनाको समर्थन पाउने देखिन्छ । विभाजित जसपाका सात सांसदले मत दिँदा समर्थनको संख्या १५२ पुग्नेछ ।

मधेशमा नयाँ गठबन्धन बनाउन माओवादी र एमालेसँगै उभिएका जनमत र लोसपाले भने विश्वासको मतबारे प्रष्ट पारिसकेका छैनन् । संसद्मा जनमतका ६ र लोसपाका चार सांसद रहेका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका ८८, राप्रपाका १४ र राष्ट्रिय जनमोर्चाका एकजना सांसदले विश्वासको मत नदिने निश्चित जस्तै छ । उपेन्द्र यादव नेतृत्वको जसपामा रहेका पाँचजना सांसदले पनि विश्वासको मत दिने छैनन् ।

कुनै नयाँ राजनीतिक घटनाक्रम विकसित नभएमा प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाउने तर साबिकमा भन्दा समर्थन फेरि साँघुरो हुने देखिन्छ । यद्यपि, माओवादी सांसद माधव सापकोटाले भने प्रधानमन्त्रीले पहिलेभन्दा बढी समर्थन जुटाउने दाबी गर्नुभयो । 'अघिल्लो पटकभन्दा यसपटक प्रधानमन्त्रीलाई समर्थन गर्नेको संख्या बढ्छ हेर्दै जानु', सापकोटाले संसद् भवन परिसरमा पत्रकारहरूसँग भन्नुभयो ।

**आज वि.सं २०८१ जेठ ७ गते सोमबार, ई.स. २०२४ मे २०, तिथि– वैशाख शुक्लपक्ष द्वादशी, नक्षत्र– चित्रा, सिद्धि– योग, वालव– करण, चन्द्रराशि– कन्या, सूर्योदय– ५:१४ सूर्यास्त– १८:४८ ।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

- मेष : दाम्पत्य जीवन सुखद तथा समृद्ध बन्ने देखिन्छ ।
- वृष : यात्रामा पनि झण्झट आइलाग्नेछ ।
- मिथुन : पराक्रम र उत्साहमा कमी आउने छ ।
- कर्कट : अतिथिका रूपमा सम्मान पाइनेछ ।
- सिंह : सामान हराउने वा चोरी हुने सम्भावना छ ।
- कन्या : पारिवारिक जीवन सन्तोषप्रद रहने छ ।
- तुला : आँटेताकेका काममा बाधा हुनेछ ।
- वृश्चिक : सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।
- धनु : निरर्थक लगानीबाट जोगिन सकिनेछ ।
- मकर : सामाजिक काममा प्रशंसित हुने अवसर पनि पाइनेछ ।
- कुम्भ : इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ ।
- मीन : आतिथ्यपूर्ण सम्मान र मीठो भोजनको प्राप्तिको योग छ ।

## सर्वोच्चको न्यायाधीश...

« पृष्ठ १ बाट क्रमशः

अधिवक्ताहरू खम्मबहादुर खाती, पंकजकुमार कर्ण, दीपेन्द्र झा र यज्ञमणि न्यौपाने सदस्य थिए । यसअघि नै समितले पुनर्संरचनाका १७ वटा विषयवस्तु पहिचान गरी अवधारणा पत्र सहितको प्रतिवेदन बुझाएको थियो । कानुन व्यवसायीहरूको सम्मेलनमा त्यही अवधारणा पत्रमाथि समूहगत रूपमा छलफल भएको हो । उक्त समितिको प्रतिवेदनमाथि पनि बारको सम्मेलनमा छलफल भएको छ । छलफलमा आएका सुझावलाई समेत समेट्दै बारले काठमाडौं घोषणापत्र जारी गर्न लागेको हो ।

बारको प्रतिवेदनमा मुख्य रूपमा संवैधानिक परिषद्बाट प्रधानन्यायाधीशलाई अलग राख्नुपर्ने कुरा उठाइएको छ । विगतमा चोलेन्द्र शमशेर राणा प्रधानन्यायाधीश हुँदा संवैधानिक परिषद्मा भाग लिएको र जसले अदालतको स्वतन्त्रतामै असर परेको भनी प्रश्न उठेपछि बारले आफ्नो प्रतिवेदनमा उक्त कुरा उठाएको हो । शाक्य नेतृत्वको समितिले न्यायपालिकाको स्वतन्त्रतालाई अक्षुण्ण राख्न संवैधानिक परिषद्बाट प्रधानन्यायाधीश अलग हुनुपर्ने सुझाव दिएको छ । उक्त सुझावलाई आफ्नो घोषणा पत्रमा समेटिनुपर्ने र बारको अबको अजेण्डा नै यही हुनुपर्नेमा वरिष्ठ अधिवक्ताहरूले जोड दिएका छन् ।

नेपालको संविधानमा प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र उपसभामुख रहने व्यवस्था छ । परिषद्मा रहने सदस्यमध्ये प्रधानन्यायाधीशबाहेक सबै राजनीतिक प्रतिनिधि हुने भएकाले न्यायालयको प्रतिनिधित्व हुन नहुने उनीहरूको भनाइ थियो ।

तटस्थ र राजनीति निरपेक्ष रहनुपर्ने प्रधानन्यायाधीश पनि राजनीतिक नेता, त्यसमा पनि कार्यकारी र व्यवस्थापिका प्रमुखसँग बसेर विभिन्न नियुक्तिमा भागबण्डा गर्न थाल्दा न्यायपालिकाको स्वतन्त्रता नै जोखिममा परेको शाक्य नेतृत्वको प्रतिवेदनको निष्कर्ष छ ।

त्यसैगरी, प्रतिवेदन समितिले न्यायाधीशको सिफारिश र कारबाही गर्ने निकाय न्यायपरिषद्को पनि पुनर्संरचना हुनुपर्ने कुरा उठाएको छ । संविधानबमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिश गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहने संवैधानिक व्यवस्था भए पनि त्यो आफैं न्यायाधीश बन्न चाहनेहरू जाने थलो हुन लागेको टिप्पणी प्रतिवेदनमा गरिएको छ ।

न्याय परिषद्मा पदेन सदस्यबाहेक नेपाल बार एसोसिएसनको तर्फबाट एकजना कानुनविद् तथा प्रधानमन्त्रीको तर्फबाट एकजना कानुनविद् पठाउने व्यवस्था भएकोमा यसअघि परिषद्का सदस्य भएका उपेन्द्रकेशरी न्यौपाने र पदम वैदिक आफैं सर्वोच्चको न्यायाधीश हुन खोजेका थिए । यी दुईजना कानुनविद्हरूको महत्त्वपूर्ण भूमिका हुने भए तापनि विगतमा सो भूमिका निर्वाह गर्न सकेको देखिँदैन ।

न्याय परिषद्मा कम उमेरका सक्रिय कानुन व्यवसायीलाई राजनीतिक झुकावको आधारमा नियुक्ति गर्दा आफैं सर्वोच्चको न्यायाधीश हुने इच्छा राख्ने र पदावधि समाप्त भएपछि फेरि कानुन व्यवसायमा फिर्ता आउने प्रवृत्ति देखिएको र यस प्रवृत्तिलाई निरुत्साहन नगर्दा विकृति बढ्न जाने प्रतिवेदनमा भनिएको छ ।

शाक्य नेतृत्वको समितिले तीनै तहका न्यायाधीशको उमेर हद बढाउनुपर्ने सुझाव दिएको छ । हाल जिल्ला र उच्च अदालतका न्यायाधीश ६३ वर्षसम्म सेवामा रहन पाउँछन् भने सर्वोच्च अदालतका न्यायाधीशको उमेर हद ६५ वर्ष छ । शाक्य प्रतिवेदनले सेवाकाल दुई वर्ष बढाएर जिल्ला र उच्चमा ६५ वर्ष अनि सर्वोच्चमा ६७ वर्ष उमेरहद कायम गर्नुपर्ने राय दिएको छ ।

बारले समितिबाट दिएको प्रतिवेदनमा आधारमा चोलेन्द्रशमशेर राणाको महाभियोग तत्काल यही संसद्मा राखेर टुंग्याउन दबाब दिने भएको छ । अघिल्लो संसद्बाट छिनोफानो नभए पनि यो संसद्मा छलफल गरेर टुंग्याउन मिल्ने भन्दै बारले यस्तो दबाब दिने भएको हो । बारले यसका लागि आफ्नो घोषणापत्रमा उक्त कुरा उल्लेख गर्ने तयारी गरेको छ । प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशविरुद्ध दर्ता हुने महाभियोगको प्रस्ताव ६ महिनाभित्र टुंगो लगाइसक्नुपर्ने बाध्यकारी व्यवस्था पनि संविधानमै राख्नुपर्ने सुझाव बारको अध्ययन समितिले दिएको थियो ।

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्धको महाभियोग दुई वर्षभन्दा बढी भइसक्दा पनि टुंग्याइएको छैन । उहाँको पेन्सनपट्टा रोक्का छ । २०७८ फागुन १ गते उनका विरुद्धमा महाभियोग दर्ता भएको थियो । उहाँ तत्कालै पदबाट निलम्बनमा पर्नु भएको थियो । तर, सर्वोच्च अदालतले अब महाभियोग प्रस्ताव दर्ता हुँदैमा तत्काल निलम्बन नहुने व्याख्या गरेको छ । बारको अध्ययन समितिले महाभियोग प्रक्रियालाई अनिश्चित कालसम्म लम्ब्याउन वा निर्णयहीन राख्न नपाउने ठहर गरेको छ ।

समितिले न्यायपरिषद् नियमावलीको पछिल्लो संशोधन खारेजगरी साबिककै व्यवस्था ब्युँताउनुपर्नेमा जोड दिएको छ ।

न्याय परिषद्ले संशोधन गरी गत असोज १ गते नेपाल राजपत्रमा प्रकाशित गरेको नियमावली संविधानको विपरीत रहेको अध्ययनको ठहर छ । उक्त नियमावलीले कर्मचारी पृष्ठभूमिका न्यायाधीशलाई वरीयतामा अगाडि ल्याउने गरी मापदण्ड हेरफेर गरेको थियो । यही विषयलाई लिएर बार र बेञ्चबीच दूरी बढेको थियो । बारले नियमावली खारेजीका लागि दबाब दिँदा पनि न्याय परिषद्ले मानेको छैन ।

नेपाल बार एसोसिएसनको अध्ययन समितिले सर्वोच्च अदालतको संवैधानिक इजलासलाई स्थायी प्रकृतिको बनाउनुपर्ने भनेको छ । सर्वोच्च अदालतमा अहिले २१ जना न्यायाधीश रहेकोमा चार जना थपेर २४ बनाउनुपर्ने र संवैधानिक इजलास नियमित गर्नुपर्ने उसको सुझाव छ ।

त्यसबाहेक उसले प्रधानन्यायाधीश संवैधानिक इजलासको अध्यक्ष रहने व्यवस्था हटाई ख्यातिप्राप्त कानुनविद्लाई संवैधानिक इजलासको अध्यक्षमा नियुक्त गरिनुपर्ने प्रस्ताव गरेको हो । त्यसको विकल्पमा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीशले नेतृत्व गर्नेगरी संवैधानिक इजलास गठन हुनुपर्ने भनेको छ । त्यसो भएमा संवैधानिक इजलासमा विचाराधीन मुद्दाले छिटो पालो पाउने बारको प्रतिवेदनमा उल्लेख छ ।

नेपाल बार एसोसिएसनको कार्यदलले पेस गरेको अवधारणा पत्र सम्मेलनको छलफल पछि त्यसमाथि छलफल र परिमार्जनपछि काठमाडौं घोषणा पत्र जारी गर्नेछ । घोषणा पत्रमा समावेश भएका विषयवस्तु कार्यान्वयनका लागि बारले सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउने छ ।

केही बाहेक अधिकांश अवधारणा संविधान संशोधनसँग जोडिएका छन् । यसर्थ संघीय संसद्को दुई तिहाइले अनुमोदन नगरेसम्म बारले अघि सारेको अवधारणा कार्यान्वयन हुन नसक्ने भएकाले संविधान संशोधनको कोर्सलाई अगाडि बढाउनुपर्ने देखिन्छ ।

# अख्तियारद्वारा तत्कालीन प्रमुखसहित आठजनाविरुद्ध २४ करोडको मुद्दा दायर

हिमालय टाइम्स
काठमाडौं, ६ जेठ



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मालपोत कार्यालय टीकापुर, कैलालीका तत्कालीन कार्यालय प्रमुख मोहन स्नेही रसाइली र नापी कार्यालय, टीकापुरका तत्कालीन कार्यालय प्रमुख मानबहादुर चन्दसमेत आठजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारका प्रवक्ता नरहरि घिमिरेले आइतबार उनीहरूविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको जानकारी दिनुभएको हो ।

उहाँका अनुसार जिल्लाको साबिक नारायणपुर-८ अन्तर्गतको कित्ता नम्बर ९०८ को क्षेत्रफल १५-०-० बिगाह जग्गा फिल्डबुकमा जंगल कायम भए पनि कित्ताकाट गरी मालपोत कार्यालय, टीकापुरबाट २०६८ सालमा व्यक्तिको नाममा कायम गरेको पाइएकाले भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

यसबारे उजुरी परेपछि गरिएको अनुसन्धानमा स्नेही रसाइली र नायब सुब्बा अग्निबहादुर शाहीले गैरकानुनी तवरबाट जंगलको नाममा रहेको सरकारी सार्वजनिक जग्गा व्यक्तिविशेष (बिन्द्रा रावल, कमलबहादुर रावल, सुशीलबहादुर रावल, विमलबहादुर रावल) को संयुक्त नाममा स्रेस्ता पूर्जा कायम गरी हक हस्तान्तरण गरेको पाइएको अख्तियारको भनाइ छ ।

पछि उक्त जग्गाको दर्ता स्रेस्तासम्बन्धी सम्पूर्ण कागजातहरूसमेत कार्यालयको अभिलेखबाट नष्ट गरेको पुष्टि हुन आएको अख्तियारको भनाइ छ ।

अख्तियारले मालपोत कार्यालय टीकापुरको न्यूनतम मूल्यांकन पुस्तिकामा उल्लिखित २४ करोड ६ लाख ६९ हजार सम्पत्तिको हानिनोक्सानी पुऱ्याएको हुँदा मोहन स्नेही रसाइली र अग्निबहादुर शाहीविरुद्ध सोही रकम बराबरको बिगो कायम गरेर कैद र जरिवानासमेत मागदाबी लिएर मुद्दा दायर गरेको घिमिरेले जानकारी दिनुभयो । यस्तै, नापी कार्यालय, टीकापुरका तत्कालीन कार्यालय प्रमुख एवं नापी अधिकृत मानबहादुर चन्द र सर्वेक्षक दशरथ मण्डलका साथै आफ्नो नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा बनाउने बिन्द्रा रावल, कमलबहादुर रावल, सुशीलबहादुर रावल र विमलबहादुर रावलविरुद्ध समेत सोही रकम बिगोका साथै कैद र जरिवानासमेत मागदाबी लिएर मुद्दा दायर गरेको घिमिरेले जानकारी दिनुभयो ।

# अतिक्रमण गरी बनाइएका घरमा महानगरको डोजर

**काठमाडौं/हिटा ।** काठमाडौं महानगरपालिकाले गौशाला चोकमा सडक क्षेत्र अतिक्रमण गरी बनाइएका घरमा डोजर लगाएर भत्काएको छ । महानगरले गौशाला चोक आसपासमा सडक किनारमा मापदण्डविपरीत अतिक्रमण गरी बनाइएका घर तथा पसलहरूमा आइतबार डोजर लगाएर भत्काएको हो । चारवटा डोजर प्रयोग गरेर सडक किनारमा अतिक्रमण गरी बनाइएका घर तथा पसल भत्काइएको हो ।



महानगरले गौशाला चोकमा सडक अतिक्रमण गरेर बनाइएका घरहरू भत्काउन ३५ दिनअगाडि सूचना जारी गरेको थियो । यस्तै १५ दिनदेखि घर भत्काउन माइकिङ गरे पनि घरधनीले आफैं नभत्काएपछि महानगरले डोजर चलाएको जनाएको छ । काठमाडौं महानगरपालिकाको मेयर बनेपछि बालेन साहले अतिक्रमित संरचना हटाउने र सार्वजनिक सम्पत्ति संरक्षण गर्ने अभियान चलाउनुभएको छ । गौशाला चोकका घर भत्काउँदा घरधनीहरू रुष्ट बनेका छन् । महानगरका अनुसार आइतबार पहिलो दिन ६ वटा घरहरू भत्काइएको छ । महानगरले अहिले सांकेतिकरूपमा ६ घर भत्काए पनि अन्य घर नभत्काएमा अन्य घरहरू पनि भत्काउने बताएको छ । महानगरले तीन दर्जन बढी घरमा अझै डोजर चलाउने बताएको छ । यस्तै, शुक्रबार चाबहिलस्थित भत्केको पुल आसपासमा बनेका अवैध संरचनाहरू पनि महानगरले भत्काएको थियो ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस Continental Trading Enterprises Pvt. Ltd. कम्पनीले South Korea बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य-MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तीको मुलुक/राष्ट | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KIA EV9 | EV/SUV | KIA | EV9 | 76.1 kWh (Battery) 160 kW (Motors) | South Korea | | Rs. 1,79,90,000- | Rs. 1,79,90,000- | |

बिक्रेता फर्मको नाम : Continental Trading Enterprises Pvt. Ltd.
ठेगाना : Gairidhara, Kathmandu
एक्जीम कोड नं : 3000860850106NP
फोन नं : 01-4526465



भावपूर्ण
श्रद्धाञ्जली



जन्म :
१९९७/०१/०१

स्वर्गारोहण :
२०८१/०१/२६

## स्व. रञ्जन राज आचार्य

नेपाल विज्ञापन संघ (आन)का कार्यसमिति सदस्य तथा प्रिज्मा एडभरटाइजिङ्का प्रमुख कार्यकारी अधिकृत श्री रन्जित राज आचार्यज्यूको पिता रन्जन राज आचार्यको २०८१ बैशाख २६ गते बुधबार ८४ वर्षको उमेरमा स्वर्गारोहण भएको तेह्रौं दिनको पुण्य तिथिमा स्वर्गिय आत्माको चिर शान्तीको लागि भगवानसंग प्रार्थना गर्दै शोक सन्तप्त परिवारजनमा भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

सुदिप थापा, अध्यक्ष तथा
नेपाल विज्ञापन संघ (आन) परिवार

Advertising
Association of Nepal


## केरुङले गरे सगरमाथाको सफल आरोहण

**जितेन्द्र भण्डारी/हिटा ।** पाँचथरको फालेलुङ गाउँपालिका-३ का ३३ वर्षीय उदय केरुङले सगरमाथाको सफल आरोहण गर्नुभएको छ । उहाँले आइतबार बिहान ६ बजेर ८ सेकेण्ड जाँदा सगरमाथाको सफल आरोहण गर्नुभएको हो । उहाँ बिहीबार मध्यरात आधार शिविरबाट आरोहण दलका २२ जना सदस्यसँगै सगरमाथा चुचुरोतर्फ प्रस्थान गर्नुभएको थियो । यसअघि उहाँले 'मेरा पिक' र विश्वको आठौं अग्लो मनास्लु हिमालको सफल आरोहण गरिसक्नुभएको छ ।


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
**Irrigation Modernization Enhancement Project (IMEP), former CMIASP-AF**
Lalitpur, Nepal

**Call for Expressions of Interest (EOI) for**

**Project Implementation and Management Support (PIMS) Consultant**

**Contract ID: IMEP/PIMS/CS-01**
**First Date of Publication: 20th May, 2024**

1. The Government of Nepal, Ministry of Energy, Water Resources and Irrigation has applied for financing from the Asian Development Bank (ADB) towards the cost of Irrigation Modernization Enhancement Project (IMEP) and intends to apply a portion of the proceeds of this financing to eligible payments under the consultancy services for which this invitation for Expression of Interest (EOI) is issued.
2. The main objective of the PIMS is to assist IMEP in strengthening project management, supervision and monitoring of 100 plus Farmer Managed Irrigation System, Rajapur Irrigation Project and 12 plus Hill Lift Irrigation Project and support for institutional development and support for Agriculture Development Plan.
3. Eligible and qualified consulting firms are invited to express their interest in providing the required services. The detailed TOR and EOI form can be downloaded from www.csrn.adb.org. A consulting firm will be selected in accordance with the Quality and Cost Based Selection (QCBS) procedures set out in the Procurement Regulations for ADB Borrowers: Goods, Works, Non-consulting and Consulting Services (https://www.adb.org/documents/procurement-regulations-adb-borrowers). The EOIs will be evaluated based on the complete information provided by the firm/company.
4. Consultants may associate with other consultants to enhance their qualifications. However, consulting firms under a Joint Venture (JV) shall submit only one EOI, either as lead member or as a partner of a JV. An Agreement along with Power of Attorney in case of a JV will be required.
5. The EOI must be submitted online via ADBs Consultant Management System (CMS) on or before **19th June, 2024.**
6. The consulting services contract award and signing will be subject to ADB's approval.
7. IMEP, CPMO reserves the right to accept or reject any EOI without giving any notice.

**For further information:**
**Irrigation Modernization Enhancement Project/Central Project Management Office**
Lalitpur, Nepal
Phone: 977 1 5521082
Email: cmiasp.af@gmail.com



## म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

**दुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरुको लिलाम बिक्रीका लागि विद्युतिय माध्यमवाट बोलपत्र आव्हान सम्वन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०७**

यस म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१/०१/३१ गतेको निर्णय बमोजिम तपशिलमा उल्लेखित स्थानहरुमा रहेका ढुङ्गा, गिट्टी, बालुवा, लगायत नदीजन्य पदार्थहरु जे जस्तो अवस्थामा छन सोहि अवस्थामा विद्युतिय माध्यमबाट बोलपत्र आह्वान गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र, ठेक्का प्रक्रियामा भाग लिन अयोग्य नभएको स्वघोषणा र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | सामाग्रिहरुको विवरण | परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम (कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | २१-२०८०/०८१ | धुप्रो नं. १- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- ५३,५४ र ५५ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'१८" उत्तरी अंक्षाश ८४°०७'३५" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा | ९,०१,४०८/- | रु. ८१,१२,६७२/- (एकासी लाख बाह्र हजार छ सय बहत्तर रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/- (दुई हजार रुपैया मात्र) |
| २ | २२-२०८०/०८१ | धुप्रो नं. २- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- ४८,११४,१३२ र १३१ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'११" उत्तरी अंक्षाश ८४°०७'३६" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | १,८१,०४०/- | रु. १६,२९,३६०/- (सोह्र लाख उन्नतीस हजार तीन सय साठी रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/- (दुई हजार रुपैया मात्र) |
| ३ | २३-२०८०/०८१ | धुप्रो नं. ३- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- ४८,११४,१३२,१३१ र १२९ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'११" उत्तरी अंक्षाश ८४°०७'३४" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,३७,८९९/- | रु. २१,४१,०९१/- (एक्काईस लाख एक्चालीस हजार एकानब्बे रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/- (दुई हजार रुपैया मात्र) |
| ४ | २४-२०८०/०८१ | धुप्रो नं. ४- म्याग्दे-५ घडेरी, नक्सा नं.- छाङ्ग ७/ङ, कित्ता नं.- २७ र २८ को जग्गाहरु, जि. पि. एस. बिन्दु २७°५८'१०" उत्तरी अंक्षाश ८४°०७'३१" पूर्वी देशान्तर मा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,७६,८९६/- | रु. २४,९२,०६४/- (चौबीस लाख बयानब्बे हजार चौसठ्ठी रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/- (दुई हजार रुपैया मात्र) |
| ५ | २५-२०८०/०८१ | धुप्रो नं. ५- म्याग्दे-२ टुनिबोट, मा जि. पि. एस. बिन्दु २७°५७'३५" उत्तरी अंक्षाश ८४°१०'२१" पूर्वी देशान्तर, सेती नदीबाट करिब १० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | ३७,४९०/- | रु. ३,३७,४१०/- (तीन लाख सैतीस हजार चार सय दश रुपैया मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. १०००/- (एक हजार रुपैया मात्र) |
| ६ | २६-२०८०/०८१ | धुप्रो नं. ६- म्याग्दे-३ फिरलीडी, मा जि. पि. एस. बिन्दु २७°५७'५१" उत्तरी अंक्षाश ८४°०९'५४" पूर्वी देशान्तर, सेती नदीबाट करिब ४० मिटर दुरीमा रहेको ढुङ्गा, गिट्टी, बालुवा मिक्स | २,०६,९३७.५० | रु. १८,६२,४३७.५० (अठार लाख बैसठ्ठी हजार चार सय सैतीस रुपैया पचास पैसा मात्र) | कबोल अङ्कको कम्तिमा १० प्रतिशत | रु. २०००/- (दुई हजार रुपैया मात्र) |

बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक वेबसाईट www.bolpatra.gov.np मार्फत मिति २०८१/०२/२७ गते दिनको १२ बजेसम्म वियुतीय माध्यमबाट हेर्न र पेश गर्न सकिनेछ । साथै विस्तृत जानकारीको लागि यस कार्यालयको website: https://myagdemun.gov.np/ मा समेत हेर्न र कार्यालय समयभित्र फोन नं. ०६५-४००१०८ मा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# उल्झनमा संसद्

संसदीय छानविन समिति बनाउन सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच सहमति भएको छ । यो सहमतिसँगै आइतबार संसद् सुचारु हुने अपेक्षा गरिएको थियो । तर, संसदीय छानविन समितिको कार्यादेश (टीओआर)मा सहमति जुट्न नसकेपछि पटक–पटक गरी स्थगन गरिएको बैठक साँझ प्रतिनिधिसभाको बैठक बस्यो तर, उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई मात्र बोल्न दिइयो । गृहमन्त्री लामिछानेले बोलेसकेपछि फेरि कांग्रेसका सांसदहरूले बैठक अवरुद्ध गरेलगत्तै सभामुख देवराज घिमिरेले सोमबार ११ बजेसम्मका लागि स्थगित गर्नु भएको छ । आज (सोमबार) संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहालले चौथो पटक विश्वासको मत लिने कार्यसूची रहेको छ । तर, संसद सुचारु हुनेमा भने आशंका पैदा भएको छ । प्रतिपक्षीको अडान भने यथावत् रहेको छ ।

नयाँ समीकरण अनुसार वर्तमान सरकारको गठन भएदेखि नै संसद् लगातार अवरुद्ध हुँदै आएको छ । यसले गर्दा संसद्बाट हुनुपर्ने अनेकौं काम हुन सकिरहेका छैनन् । संसद्को प्रमुख काम भनेको कानुन बनाउने हो । तिनै कामहरू हुन नसकेपछि संसद् निष्क्रिय हुन पुग्ने नै भयो । संसद् भनेकै सरकारका तीन प्रमुख अंगमध्येको एक हो । व्यवस्थापिका भनिने संसद्ले राष्ट्रलाई आवश्यक पर्ने ऐन कानुनहरूको तर्जुमा गर्ने गर्छ । देशभरिबाट निर्वाचित भएर आएका संसद् सदस्यहरूबाटै कार्यपालिकाको गठन गर्ने काम पनि संसद्ले नै गर्छ ।

नेपाली कांग्रेस र माओवादी पार्टीलगायतका केही पार्टीहरूको संलग्नताबाट बनेको सरकार भंग बनाउँदै नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टीलगायतसँग पुन:गठबन्धन गरी वर्तमान सरकार गठन भएपछि प्रमुख प्रतिपक्ष तथा संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले राष्ट्रिय स्वतन्त्र पार्टी तथा सरकारका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सहकारी ठगीमा संलग्नता रहेको विषयमा संसदीय छानविन समिति बनाऔं भन्ने मागलाई सरकार पक्षले बेवास्ता गरेपछि संसद्मा गतिरोध आइरहेको थियो । नेपाली कांग्रेसले आफ्नो अडान नछोड्ने र संसद् अवरोध गरिरहने अनि त्यसैगरी सरकार पक्षका दलहरूले प्रतिपक्षको माग कुनै पनि हालतमा पूरा नगर्ने अडान लिएपछि समस्याको कुनै निकास निस्कन सकेको थिएन । लामो समयसम्म यस्तो अवस्था कायम रहिरहेको छ ।

गत ३ गते बिहीबारको संसद्मा झण्डै मुडभेडको स्थिति पैदा हुन पुगेको थियो । दुवै पक्षबाट मुडभेडको परिस्थिति निम्त्याइएको आरोप–प्रत्यारोप भयो । शीर्ष नेताहरूभन्दा अन्य सांसदहरू चर्को स्वरमा आ–आफ्ना विचार व्यक्त गरिरहनुभएको थियो । संसदीय छानविन समिति दुवै पक्षको बटम लाइन बन्दै आएको अवस्थामा त्यस दिनको धकेलाधकेलले आगोमा घ्यू थप्ने काम भयो । त्यस दिन पैदा भएको घटनापछि नेपाली कांग्रेस अब त झन् संसदीय छानविन समिति नबनुन्जेल संसद् ठप्प पारेरै छाड्ने र सरकार पक्षका पार्टीहरू अब झन् संसदीय छानविन समिति बन्नै नदिने भन्न थाले । उहाँहरूका त्यस्ता अभिव्यक्ति सुन्दा संसदीय छानविन समिति सम्भावना बाहिरको विषयजस्तो बन्दै गयो ।

दुवै पक्षले आफ्नो पक्षबाट कुनै नराम्रो काम नभएको जिकिर लिइरहे भने नेपाली कांग्रेसले सभामुखजस्तो गरिमामय पदमा आसीन व्यक्तिले समेत पार्टीको कार्यकर्ता जस्तो भएर सरकार पक्षलाई सहयोग गरेको आरोप लगायो । यस्तो परिस्थितिमा अब न संसद् सुचारु हुन्छ न संसद्बाट कुनै संसदीय कार्यहरू नै हुन सक्छन् भन्ने स्थिति सिर्जना हुन पुग्यो । यो सम्पूर्ण अवस्थाको मूल भनेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारमा संलग्नता । उक्त पार्टीका अध्यक्षको सहकारीको पैसा अपचलनमा संलग्नताको प्रश्न अविच्छिन्न रूपमा नेपाली कांग्रेसले उठाउँदै आएको र सरकार पक्षले उहाँको बचाउ गर्दै आएको दुवै प्रसंगमा उहाँहरू दुवैको स्वार्थको सवाल छ । रास्वपा वर्तमान सरकरामा 'कि प्वाइन्ट'मा छ । त्यसैले सरकार पक्षको आकर्षण र प्रतिपक्षको तारो बन्दै आएको छ ।

एमाले, माओवादी र केही साना पार्टी मिलाउँदा पनि सरकार बनाउन आवश्यक बहुमत पुग्दैन जसका लागि रास्वपा एकमात्र विकल्प हुनसक्छ । त्यसैले उसलाई उसले भने भनेका मन्त्रालय दिएर सरकारमा सामेल गराउने काम भएको छ । त्यसकारण रास्वपाका अध्यक्ष रविलाई सहकारमा दोषी देखाएर हटाउने हो भने सरकार अल्पमतमा पर्नजान्छ । त्यसकारण सरकार रविका कुनै दोष भए पनि ती सबै माफी गराएर जोगाउने प्रयासमा छ । अर्कातिर नेपाली कांग्रेसले पनि यिनै कुरा बुझेको छ, रविलाई सहकारीमा दोषी देखाउन सके उहाँको पार्टीले सरकार छोड्छ र अल्पमतमा परेर सरकार ढल्छ भन्ने छ ।

यिनै उद्देश्यका साथ दुवै पक्षले संसद्मा मुडभेड गर्दै आएको अवस्थालाई सधैं निरन्तरता दिइरहे कुनै निकास निस्कँदैन । सरकारका नीति तथा कार्यक्रममाथि छलफल गर्नुपर्ने आवश्यकता छ भने बजेट पेश गर्नुपर्ने दिन त वर्तमान संविधानमै तोकिएको छ । प्रत्येक वर्ष जेठ महिनाको १५ गते संसद्मा सरकारको वार्षिक आयव्ययको विवरण (बजेट) पेश गर्नुपर्ने हुन्छ । यसरी नै संसद् अवरुद्ध भइरहने हो भने त बजेट पेश गर्न पनि सम्भव नहुने अवस्था आइपर्छ । यस्ता अप्ठ्याराहरूलाई मनन् गरी सरकार पक्ष र प्रमुख प्रतिपक्षहरू आपसी छलफलमा बसी संसदीय छानविन समिति बनाउन सहमत भएका छन् । यसबाट अब संसद् सुचारु हुने कुरामा विश्वास गर्न सकिन्छ । यसबाट जनभरोसा पनि बढ्छ ।

आफूले निर्वाचित गरेर पठाएका सांसदहरू यसरी सधैं संसद्मा झगडामात्र गरेर बसेको देख्दा जनतामा निश्चय पनि हर्षको जागरण हुन सक्दैन । अबका दिनमा संसद्मा संसदीय अभ्यास मात्र हुनसकून् । संसदीय मर्यादा जोगाउने दायित्व सांसदहरूकै हो । त्यसतर्फ पनि उहाँहरू सचेत रहनुपर्छ । दुवै पक्षले अब सुरक्षित अवतरणको अवसर पाएका छन् । यसले सफलीभूत हुने मौका पाउनैपर्छ । कोही दोषी छ भने उसलाई स्वार्थबस् चोख्याउने प्रयत्न गर्नुहुँदैन भने कोही कसैलाई बलजफ्ती दोषी करार गर्ने प्रयत्न पनि गरिनु हुँदैन । अबको संसद् सौहार्द्रपूर्वक चल्न सकोस्, यो सबैको चाहना हो ।

# धम्मं शरणम् गच्छामि –ऋतमार्ग

**जबसम्म ध्यानी नजिक आउँदैन तबसम्म उसलाई लाग्छ पर्दा छैन तर धेरै नजिक आएपछि मसिनो पारदर्शी पर्दा देखिन्छ । त्यो पल बचेको अहंकारलाई त्याग गर्नुपर्छ । गौतम बुद्धले यसलाई त्रिरत्न भनेका छन् । बुद्ध भन्नाले गौतम बुद्ध होइनन्, बुद्ध भन्नाले बुद्धत्वको शरणमा जाने वा बुद्धत्वप्रति समर्पित हुने हो ।**



मणि शर्मा

बुद्ध भन्नाले सिद्धार्थ गौतम होइनन् । बुद्ध त्यस्तो व्यक्तिलाई भनिन्छ जसले संसारलाई प्रतिशोध र पक्षपातबिना हेर्छ, जो प्रबुद्धको स्थितिमा पुग्छ यो बुझाइको साथ कि म मानव पीडाबाट मुक्त भइसकेको छु, म जन्म र मृत्युको चक्रबाट मुक्त भइसकेको छु भन्ने ठान्छन् ती बुद्ध हुन् । बुद्ध ऊ हो जो बोधी अर्थात् बौद्धिक र नैतिक पूर्णताको आदर्शको स्थितिमा पुग्छ । बुद्ध शब्दको शाब्दिक अर्थ हो प्रबुद्ध ज्ञाता । गौतम बुद्ध अगाडि २७ वटा बुद्ध जन्मिसकेका थिए । सिद्धार्थ गौतमको अलावा ककुसन्ध बुद्ध र कोनागमन बुद्ध नेपालमा जन्मेका हुन् । ककुसन्ध पाली भाषामा र संस्कृतमा क्रकुच्छन्द बुद्ध भनिन्छ । यो भद्रकल्पको यिनी प्रथम बुद्ध हुन् ।

यिनको जन्म खेमावतीमा भएको थियो जसलाई अचेल गोटिहवा भनिन्छ । यिनी २२औं बुद्ध मानिन्छन् । पिता अग्निदत्त खेमावतीका राजा खेमंकरका ब्राह्मण पुरोहित थिए । उनकी आमाको नाम विशाखा र पत्नीको नाम विरोचमना र पुत्रको नाम उत्तर थियो । शिरिष वृक्षमुनि उनले ज्ञान प्राप्त गरेका थिए । पहिलो उपदेश मकिला नामक गाउँको एउटा बगैंचामा उनले ८४ हजार भिक्षुलाई दिएका थिए भनिन्छ । सम्राट अशोकले गोटिहवामा स्तुप गाडेका थिए । कोनागमन बुद्ध यो कल्पको दोस्रो बुद्ध हुन् ।

पालीमा कोणागमन भनिए पनि संस्कृतमा कनकमुनि, कोणागन, कनकगामना पनि भनिन्छ । सोभवती नगरमा यज्ञदत्त ब्राह्मणकी भार्या उत्तराको गर्भबाट सुभगवती उद्यानमा उनको जन्म भएको थियो । अहिले जसलाई निग्लिहवा भनिन्छ । यहाँ पनि अशोक स्तम्भ छ । यसरी यो कलियुगमा तीन वटा बुद्ध हाम्रो कपिलवस्तुमा जन्मेका थिए । आजको परिचर्चा सिद्धार्थ गौतम अर्थात् गौतम बुद्धको हो ।

बुद्धको तीन महावाणी सबैलाई थाहा छ-बुद्धं शरणम् गच्छामि, संघं शरणम् गच्छामि, धम्मं शरणम गच्छामि । जुन पनि कार्यको लागि समर्पण जरुरी छ चाहे त्यो पारिवारिक होस्, सामाजिक होस्, शासकीय होस् वा भक्तिमार्ग र ध्यानमार्गको होस् । पवित्र मनले निस्वार्थ भएर, बिनाकुनै आकांक्षाको समर्पण गर्नु मुक्तिको मार्ग हो । समर्पणका लागि अहंकारलाई त्याग्नुपर्छ । मबाहेक अरू कोही वा मैले चाहेको व्यक्तिबाहेक अरू कोही बालुवाटारको गद्दीमा बस्न पाउँदैन भन्ने अहंकारले विग्रह ल्याइरहेको छ । म नै सर्वेसर्वा हूँ, यो शासनमा मेरो नै राज हुनुपर्छ भन्ने भावना अहंकार हो, जबसम्म यो अहंकार रहन्छ तबसम्म न त त्यो नेताको व्यैक्तिक विकास हुन्छ न त मुलुकको नै ।

जे होस्, हामी कुनै मन्दिर वा पूजाकोठा वा गुम्बामा जान्छौं तब आफूभित्रको अहंकारलाई विसर्जन गरेर जानुपर्छ, पुन: त्यो विसर्जन गरेको अहंकारलाई हाम्रो मस्तिष्कको ढोकामा प्रवेश गर्न दिनुहुँदैन । यदि सच्चा मनले हामी ईश्वरप्रति पूर्णसमर्पित भएर भक्ति गर्छौं भने हाम्रो अहंकार विसर्जित हुन्छ । मुख्य कुरा समर्पण हो, हामीले मन मस्तिष्कले चाहे देशको पक्षमा होस्, चाहे जनताको पक्षमा वा ईश्वरको पक्षमा पूर्ण रूपमा समर्पित भई भक्तिभावनाले कर्म गर्छौं वा ईश्वरको आराधना गर्छौं भने हामीले चाहेको गन्तव्य प्राप्त गर्छौं । यदि अरूबाट निर्देशित भएर वा आफ्नो व्यक्तिगत स्वार्थ प्राप्तिका लागि जनताजनार्दन र यो मुलुकको सेवाका लागि समर्पित छु भनेर ढाँटेर चुनाव जिती सत्तामा गएको हो भने कसैको भलो गर्दैन न त गन्तव्यमा नै पुग्न सकिन्छ ।

भक्ति एउटा सुविधा हो चाहे देशप्रति होस् वा ईश्वरप्रति । यदि अन्तर मनले भक्तिभाव जागृत हुन्छ भने यसले अहंकारलाई ढालिदिन्छ । भक्ति ईश्वरको धारणा हो तर ध्यानी हिँड्छ बिनाधारणाको । त्यहाँ अहंकार समाप्त हुन्छ । अन्तिम पल जब अहंकार बाँकी रँहदैन, जब मानिस सहस्रारमा पुग्छ तब अहंकार समाप्त हुन्छ । यति पारदर्शी कि अनेकौंलाई लाग्न सक्छ त्यहाँ पर्दा नै छैन । जबसम्म ध्यानी नजिक आउँदैन तबसम्म उसलाई लाग्छ पर्दा छैन तर धेरै नजिक आएपछि मसिनो पारदर्शी पर्दा देखिन्छ । त्यो पल बचेको अहंकारलाई त्याग गर्नुपर्छ, अन्तिम घडीमा ।

गौतम बुद्धले यसलाई त्रिरत्न भनेका छन्, बुद्धं शरणम् गच्छामि, संघं शरणम् गच्छामि, धम्मं शरणं गच्छामि । पहिलो समर्पण बुद्धलाई । बुद्ध भन्नाले गौतम बुद्ध होइनन्, बुद्ध भन्नाले बुद्धत्वको शरणमा जाने वा बुद्धत्वप्रति समर्पित हुने हो । एकचोटि एकजनाले बुद्धलाई सोधे, तपाईं त भन्नुहुन्छ कसैको शरणमा जानु आवश्यकता छैन तर तपाईं जब मानिसहरूको सामु आएर बस्नु हुन्छ मानिसहरू भन्छन्, बुद्धं शरणम् गच्छामि ? यसभन्दा तपाईं मौन बस्नुहुन्छ, मौन बस्नु भनेको सम्मति जनाउनु हो । तपाईले यसलाई अस्वीकार गर्नुपर्थ्यो ।

**बुद्धको शरणबाट संघको शरणमा जानु भनेको, पीपलको रुखलाई नमस्कार गर्थ्यौं अब जुन बीजबाट वृक्ष निस्क्यो त्यो बीजलाई नमस्कार गरिरहेका छौँ । संघ नभएको भए आज सत्य कसरी प्राप्त भयो, संघको अर्थ जसले सत्यलाई खोजिरहेको छ उनीहरूको गन्तव्य हो धम्म ।**

बुद्धले भने, यिनीहरू मेरो शरणमा आउँछन् भने अस्वीकार गरुँ ? अनि मेरो शरणमा आउँछन् नै किन ? किनकि म त छैन, उनीहरू बुद्धत्वको शरणमा जान्छन् । बुद्ध अतीतमा पनि भएका थिए, बुद्ध आज पनि छन्, बुद्ध फेरि पनि हुनेछन् । ती सबैको सारभूत तत्वको नाम बुद्धत्व हो । जो कहिले जागेका थिए, कुनै दिन फेरि जाग्नेछन् र जागिरहेका छन्, त्यही जागरणको नाम बुद्धत्व हो । बुद्धको कुरा सुनेर ती व्यक्तिले सोधे अनि तपाईंकै चरणमा आएर किन भन्छन् त ? जहाँ भने पनि हुन्छ नि ।

बुद्धले भने यो कुरा उसैलाई सोध, यो उसको समस्या हो । उसलाई सबै ठाउँहरूमा देखिँदैन, ममा मात्र देखिन्छ । ठीक छ, यहींबाट त सुरुवात भयो, कहींबाट त सुरु हुने नै थियो । निहुरिन कहीं त सिक । आज ममा देखिएको छ, भोलि अरू कसैमा देखिनेछ, पर्सी अरू कसैमा । यसरी उसको दृष्टि विशाल हुनेछ । एक ठाउँमा हीरा देखिएपछि धेरै ठाउँहरूमा पनि देखिने छ । एक पटक हीराको ठीक ठीक पहिचान भए सुनारकहाँ पनि देखिन्छ र हीराको खानीमा पनि देखिन्छ । सफा हीरा पनि देखिन्छ र कालो हीरा पनि देखिन्छ ।

हिजो राजाप्रति जनता झुक्थे, आज पनि झुक्छन् तर आजका नेताहरू, आज आफूहरूलाई महाराजा ठान्ने महाराजाहरूप्रति जनता झुक्नुको सट्टा थुक्ने गर्छन् । किन ? किन अहिलेको शासक वर्गमा जनताको समर्पणको भावना छैन । किन झोलेहरूबाहेक आमजनताले यिनीहरू प्रति निर्दिष्ट गरेर त्वम् शरणं गच्छामि भन्न सक्दैनन् ? किनकि आजका शासक वर्ग र नेताहरूमा न यो देशप्रति र न त जनताप्रति समर्पणको भावना छ, न त्यागको । यिनहरूको समर्पणको भावना विदेशी शक्तिहरूप्रति मात्र छ, आफ्नो स्वार्थका लागि उनीहरूका सामु आफूलाई समर्पण गर्छन् । देउतालाई अपहेलित गरेर दानवहरूप्रति समर्पणको भावना राख्नेहरूलाई जनताले कहिल्यै समर्पणको भावनाले हेर्दैनन् । अस्तु । अनि बुद्धले भने, यदि उनीहरूमा ममा बुद्धत्वको झलक देखा पर्दछ भने ठीकै छ । आज यहाँ देखे, भोलि अन्त कतै पनि देखिने छ, फेरि त चारैतिर देखिनेछ ।

पहिलो कुरा हो समर्पण, हामी चाहे कुनै ईश्वरप्रति वा कुनै देवीदेउताप्रति वा प्रकृतिप्रति समर्पणको भावना मन मस्तिष्कबाट गर्नुपर्छ । जहाँ मनमस्तिष्कबाट आफूलाई पूर्णरूपेण समर्पण गर्छौं त्यही दिनबाट हाम्रो अहंकार खस्न प्रारम्भ गर्नेछ । बिहान उठ्ने बित्तिकै हामी झ्यालबाट सूर्यलाई नमस्कार गर्छौं । झ्यालबाट नमस्कार गर्नु भनेको झ्याललाई नमस्कार गर्नु होइन् । सूर्यलाई नमस्कार गर्नु हो । हामी हाम्रो जीवनको स्रोत सूर्यप्रति समर्पित भएर नमस्कार गरेका हौं न कि झ्याललाई । हामीलाई लाग्न सक्छ झ्यालको कृपाले सूर्यको दर्शन भयो । यसका लागि यदि हामी झ्याललाई धन्यवाद दिन्छौं भने त्यो धन्यवाद सूर्यलाई दिएका हुन्छौं । झ्याल त एउटा माध्यम हो सूर्यदर्शनको । झ्याल एउटाद्वार हो जसले सूर्य दर्शन गर्न बाधा दिएन । पहिलो समर्पणका भावना हो बुद्धं शरणम् गच्छामि ।

दोस्रो समर्पण हो संघं शरणम् गच्छामि । संघ स्थूल प्रतीक हो जो जसले बुद्धबाट दीक्षा लिएका छन् उनको शरणमा जानु तर यसको मूल अर्थ हो जो स्रोतमा प्रवेश गरेका छन् जसलाई स्रोतापन्न फल प्राप्त भएको छ, जसले सन्यास लिएका छन्, सन्यास अर्थात् जसका लागि धन, सम्पत्ति, पद, परिवार आदि मूल्यहीन छन्, जो स्थूलबाट सूक्ष्मको यात्रामा निस्केका छन्, जो ध्यानमग्न छन्, जो अमृतको खोजीमा छन्, अँध्यारोबाट प्रकाशतिर मृत्युबाट अमृततिर, असत्यबाट सत्यतिर अग्रसर छन् ती सन्यासी वा भिक्षु हुन् । अब शरणम्को अर्थ व्यापक भयो, बुद्धबाट जो बुद्धका शरणमा छन्, बुद्धबाट दीक्षित छन्, जो त्यसको अन्वेषणमा निस्केका छन् उनीहरूको शरणमा जानु संघं शरणम् गच्छामि हो ।

बुद्धको शरणबाट संघको शरणमा जानु भनेको, पीपलको रुखलाई नमस्कार गर्थ्यौं अब जुन बीजबाट वृक्ष निस्क्यो त्यो बीजलाई नमस्कार गरिरहेका छौं । संघ नभएको भए आज सत्य कसरी प्राप्त भयो, संघको अर्थ जसले सत्यलाई खोजिरहेको छ उनीहरूको गन्तव्य हो धम्म । धम्म अर्थात् परम सत्य अर्थात् धर्म । अन्तिम सत्य भनेको धर्म हो, त्यसैले धर्मको शरणमा जसले जान्छु भन्छ त्यो परम शक्तिको शरणमा जान्छु भनेको हो, जसले यो विश्वब्रह्माण्ड चलाइरहेको छ । धर्मको अर्थ हो धारण गर्नु । जसले यो ब्रह्माण्डलाई धारण गरेको छ, उसको शरणमा जान्छु वा उसमा डुब्छु भनेको हो ।

यो भनेको ऋत (मोक्ष) को शरणमा जानु वा ऋत प्राप्त गर्नु हो । ऋत प्राप्त गर्नु भनेको प्रकृतिको हरेक सृष्टि सामु झुक्नु हो । जहाँ अहंकार हुन्छ त्यहाँ समर्पण हुँदैन, जहाँ समर्पण हुँदैन त्यहाँ जति शंख फुकेर घण्ट बजाएर, जति श्लोक बर्बराए, जति ॐ मणि पद्मे हूँ जपे तापनि मोक्ष प्राप्त हुँदैन, न त धर्म नै । मुख्य मनमस्तिष्कबाट अहंकाररहित पूर्णसमर्थन हो । एकचोटि कसैले रामकृष्ण परमहंसको तस्वीर बनाएर उनलाई ल्याएर दिए । रामकृष्णले निहुरिएर त्यो तस्वीरको चरण स्पर्श गरे । उनका शिष्यहरूले रामकृष्णले आफ्नो तस्वीरमा आफ्नै चरण स्पर्श गरेको देखर गुरु बौलाए भने ।

एकजनाले उनलाई भने, परमहंसदेव, के गर्दै हुनुहुन्छ ? यो देखेर मानिसले तपाईंलाई बौलाहा भन्नथाले, आफूले आफ्नै चरण स्पर्श गर्नु त पागलपनको हद हो गुरुदेव । यो सुनेर परमहंसले भने, मेरो तस्वीर ! यो मेरो तस्वीर कसरी हुनसक्छ ? तर यो जुन तस्वीर छ ठूलो समाधिको हो । जुन मानिसको यो तस्वीर लिएको भए पनि यो मानिस गम्भीर समाधिमा भएको हुनुपर्छ । त्यसैले म यो समाधिमा निहुरिरहेको छु । यसमा के फरक पर्छ कि म नै समाधिमा थिएँ वा अरू कोही । समाधिमा कहाँ म कहाँ तिमी ? समाधि त समाधि हो ।

# अस्वाभाविक सत्ता फेरबदल र त्यसको असर

**हाल जनताको आवश्यकता, इच्छा र चाहना भनेकै जसरी पनि प्रचण्डलाई प्रधानमन्त्रीको कुर्सीमा विराजमान गराइराख्नु हो भने झैं हुन गयो जुन सर्बथा गलत भइरहेको छ । लोकतन्त्रमा नागरिक नै सर्वेसर्वा हुन्छन् तर त्यसको ठीकविपरीत नेता सर्वेसर्वा देखिएका छन् ।**



इन्द्रबहादुर बराल

नेपालको राजनीति असामान्य ढंगले फेरबदल भइरहेको छ जसका कारण अस्थिरता कायम नै छ । राजनीतिले स्थायित्व नपाउँदासम्म देश र जनताका चाहना र अवश्यकता यथावत् रहनु स्वाभाविक हो । नेपालको संविधान २०७२ लागु भएपश्चात् पनि झण्डै दुई तिहाइ बहुमत प्राप्त गरेर पनि सरकारले स्थायित्व ग्रहण गर्न नसक्नु अपरिपक्व राजनीतिको परिणाति मान्नुपर्छ । झण्डै दुई तिहाइनजिक रहेको नेकपाले त स्थायी सरकार दिन सकेन भने अरू गठबन्धनबाट गठित सरकार झन अस्थिर हुने नै भयो । त्यसमा पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफ्नो पार्टी र आफ्नो अस्तित्व जोगाउन अनेक निर्लज्ज हर्कतहरू प्रदर्शन गर्नाले सिंगो नेपालीको शिर झुकाइदिएको छ ।

आज एउटा पार्टीसँग सहकार्य गरेका नेता र पार्टी भोलिपल्ट उठ्दा अर्कोसँग समीकरणको रूपमा देखिनु आठौं आश्चर्य मान्नुपर्ने देखियो । आज यो संघीय लोकतान्त्रिक गणतन्त्रको विरुद्ध जनमत देखिनु गणतन्त्रवादीहरूको यस्तै निर्लज्ज हर्कतहरू नै जिम्मेवार छैनन् कसरी भन्ने ? फरक धेरथोरमात्रै हो जसले गणतन्त्र स्थापनामा योगदान गरे तर उनीहरू आज आफैंले संघर्ष गरेर स्थापना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र आफैंले खाल्टोमा हाल्दै छन् । धर्मनिरपेक्षता र संघीयताको विरुद्ध यति जबरजस्त जनमत तयार हुनु विडम्बनापूर्ण हो । यद्यपि हालै सम्पन्न उपनिर्वाचनको परिणामलाई विश्लेषण गर्दा माथिका तर्कहरूमा त्यति सत्यता छैन भन्ने लाग्दैन । तथापि जबर्जस्त रूपमा संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताको खारेजीको माग उठेकोलाई नकार्नु सर्वथा गलत सावित हुनेछ ।

यस्तो दृश्य आफ्नै अगाडि झल्झली देखिरहँदा पनि थाहा नपाएजस्तो गरी बस्नु गणतन्त्रको लागि अर्को दुर्भाग्य हो । सुत्दा एउटासँग उठ्दा अर्कोसँगको प्रवृत्तिले यो व्यवस्था नै धरापमा छ भन्नु अन्यथा नहोला । यसर्थ यदि परिवर्तनकामी राजनीतिक शक्तिहरूले प्रणालीलाई प्राथमिकतामा राख्ने हो भने सहमति र सहकार्यको संस्कृतिलाई पुन: निरन्तरता दिनुको विकल्प देखिँदैन । हिजो नेपालीहरूको बलिदानीपूर्ण योगदान, अगाध सहयोग, समर्थनबाट प्राप्त व्यवस्थाको स्थायित्व र विश्वसनीयतामा कुनै आँच आउनबाट जोगाउन अब कति पनि ढिला गर्नुहुँदैन, यथार्थ यही हो तर दलहरूको लक्षण यतातिर देखिँदैन जसले ठूलो दुर्भाग्य निम्त्याउने पक्का छ । प्रजातन्त्रको पुनर्स्थापनापश्चात् आजपर्यन्त केबल सत्ता प्राप्तिको घृणित खेलबाट दलहरू लिप्त देखिनुले संघीय लोकतान्त्रिक गणतन्त्रमाथि भयानक र डरलाग्दो कालो बादल मडारिराखेको प्रष्टिन्छ । यो एउटा गम्भीर खतराको संकेत हो ।

माथि उल्लेख गरिएका विषयवस्तुप्रति परिवर्तनका पक्षधर पार्टीहरू थप गम्भीर नभए राजनीतिक दुर्घटनाबाट रोक्न कसैको तागत हुने छैन । जुनसुकै दृष्टिबाट हेर्दा पनि अस्वाभाविक वा असामान्यजस्तो लाग्ने सत्ता फेरबदलका गतिविधिले जनतामा व्यापक र तीव्र असन्तुष्ट देखापरेको कुरा भनिराख्न नपर्ला । संसदका दुई (कांग्रेस-एमाले) ठूला दलहरूलाई बिरालोले मुसा खेलाउँदा झैं तेस्रो ठूलो दल माओवादी केन्द्र र त्यस पार्टीका अध्यक्ष पुष्पकमल दाहालले कांग्रेस एमालेलाई नचाहिरहेको अवस्था विद्यमान छ । मानौं माओवादीको दश वर्षे सशस्त्र युद्धको मूल उद्देश्य नै त्यही थियो ।

**प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो आमनिर्वाचनबाट प्राप्त बहुमतको संसद भंग गरेदेखि नै नेपालमा अशुभ कार्यहरूको थालनी भयो । त्यसपछिका हरेक आवधिक संसदीय निर्वाचनहरूले अपवादबाहेक पाँच वर्षे कार्यकाल आजसम्म पूरा गरेका छैनन् । यो सरकार वा संसद्ले पनि आफ्नो पूर्णकार्यकाल पूरा गर्ने सम्भावना न्यून छ ।**

जनताको आवश्यकत, इच्छा र चाहना भनेकै जसरी पनि प्रचण्डलाई प्रधानमन्त्रीको कुर्सीमा विराजमान गराइराख्नु हो भने झैं हुन गयो जुन सर्वथा गलत भइरहेको छ । लोकतन्त्रमा नागरिक नै सर्वेसर्वा हुन्छन् तर त्यसको ठीकविपरीत नेता सर्वेसर्वा देखिएका छन् । यही कारणले संघीयता र गणतन्त्रमाथि ठाडो आक्रमण भइरहेको छ जसको परिवर्तनकारी पक्षले कुनै प्रतिरोध गर्ने आँट गर्न सकेको देखिँदैन । परिवर्तनकारी राजनीतिक शक्तिहरू प्रत्यक पाइला पाइलामा चुक्दै गएका छन् जसका कारण प्रतिगामी शक्तिहरूका सामु नतमस्तक छन् ।

झण्डै दुई तिहाइ बहुमत भएको पार्टी विभाजन गरी सरकार गिराउने समूहको नाइके पनि प्रचण्ड, कांग्रेसको वैशाखीमा चुनाव जितेर आएपछि फड्को मारेर प्रधानमन्त्री बन्ने पनि प्रचण्ड, प्रधानमन्त्री भएको दुई महिनामा कांग्रेसको बुई चढेर पुन: प्रधानमन्त्री बन्ने पनि प्रचण्ड र अहिले फेरि फड्को मारेर एमालेको बुईमा प्रधानमन्त्री प्रचण्ड । यो एउटा राजनीति नाम दिइएको नाटकले नेपाली नागरिकलाई आश्चर्य चकित बनाएको छ । उता करिब सबैजसो नेता र पार्टीहरू कुनै न कुनै रूपमा भ्रष्टाचारको घेराभित्र छन् । देशमा सुशासन छिन् नसक्नु भनेकै भ्रष्टाचार गर्नु हो । त्यस कारण देश चुर्लुम भ्रष्टाचारमा डुबेको छ भनेर यसै पनि बुझ्न सकिन्छ ।

यहाँ अझै पनि सुशासनतर्फ कुनै ठोस कदम चालिने कुनै सुरसार देखिँदैन । बरू उल्टै 'जो चोर उसैको चर्को स्वर' भन्ने चर्चा सेलाएकै छैन । जसका विरुद्ध भ्रष्टाचारको आवाज गुञ्जिराखेको छ उसैको जिम्मा अनुसन्धान गर्ने निकायहरू छन् । राज्यको यसभन्दा नग्न रूप अरू के हुन सक्ला ? सरकारको अस्वभाविक फेरबदलले जनतामा अविश्वासको खाडल बढ्दै गएको र त्यसको नकारात्मक असर पर्न थालेको छ । खाई नखाई दुई चार पैसा जोरजाड गरेर सहकारीमा जम्मा गरेको पैसा आज सञ्चालनक र टाठा बाठाहरूले खाए मासेर विचरा ती गरिबहरूका पसिनामा रमाइरहेका छन् भन्न हिचकिचाउनाले आज सहकारी ठगहरू खुलेआम सत्ता हालिमुहाली गर्दै हिँड्ने गरेका छन् । यो अस्वाभाविक सत्ता समीकरणको दुष्परिणाम हो ।

यस्ता हर्कतहरूले नागरिकमा विश्वासको खाडल त बढाउँछ नै साथसाथै निराशासमेत पैदा गर्दै जान्छ, गएको पनि छ । बारम्बार सत्ता लिप्साका लागि गरिने अस्वाभाविक गठबन्धनहरूले व्यवस्थाप्रति नै अनास्था जन्माएको छ । यो प्रचण्ड नेतृत्वको सरकार प्राविधिक रूपले मात्रै सरकार मान्न सकिन्छ मनैदेखि सरकार मान्नका लागि तर अन्य कुनै आधार देखिँदैन । यसर्थ यस्ता अस्वाभाविक लाग्ने सत्ता फेरबदलका गतिविधि साँच्चै घृणित छन् र राजनीतिप्रति सर्वसाधारण नेपालीको आकर्षण दिन दिनै घट्दो छ ।

हुन पनि प्रजातन्त्र पुनर्स्थापनापछि भएको पहिलो आमनिर्वाचनबाट प्राप्त सुविधाजनक बहुमत भएको संसद भंग गरेदेखि नै नेपालमा अशुभ कार्यहरूको थालनी भएको हो । त्यसपछिका हरेक आवधिक संसदीय निर्वाचनहरूले अपवादबाहेक पाँच वर्षे कार्यकाल आजसम्म पूरा गरेका छैनन् सम्भवत: यो सरकार वा संसदले पनि आफ्नो पूर्णकार्यकाल पूरा गर्ने सम्भावना न्यून छ । यसको कारण नै अस्वाभाविक सत्ता समीकरण नै हो । सत्ता समीकरणका यस्ता घृणित खेलहरूले सिंगो राजनीति नै लज्जित भएको निष्कर्षमा पुग्न कुनै कठिन छैन । त्यसैले सरकार गठन गर्न अस्वभाविक वा असामान्य तौरतरिका प्रयोग गर्दा पूरै राजनीति र राजनीतिक व्यवस्थामाथि नै विश्वास गुमाउँदै गएको छ ।

त्यसैको परिणाम आज विभिन्न कालखण्डमा भएका जन-आन्दोलनहरूले बढारेर रछ्यानमा पुऱ्याएका शक्ति चाहे ती राजा हुन वा पञ्च आज उनीहरूले मुण्टो ठडाएका छन् । परिवर्तनकारी शक्तिहरूको शिर निहुरिन पुगेको पनि यस्तै अस्वभाविक सत्ता गठबन्धनले हो । त्यसकारण नसुहाउँदा सत्ता तालमेल र गठजोडको असर नकारात्मकतिरै उन्मुख छ । त्यसैले समय नघर्कँदै सच्चिए बुद्धिमानी हुन्छ नत्र पश्चताप मात्रै हो ।

# बाघखोरलाई घरबास गाउँ घोषणा

**नवलपरासी/रासस ।** नवलपरासी (बर्दघाघाट पूर्व) नवलपुरको कावासोती -१५, बाघखोरलाई घरबास गाउँ घोषणा गरिएको छ । अमलटारी मध्यवर्ती सामुदायिक घरबास सञ्चालितको दश वर्ष पूरा भएका अवसरमा सिंगो गाउँलाई नै घरबास घोषणा गरिएको अमलटारी मध्यवर्ती सामुदायिक घरबासका अध्यक्ष प्रेमशंकर मर्दनिया थारूले जानकारी दिनुभयो ।

घरबासको नीति, मापदण्ड, अवधारण, कार्यविधि र दिगोपनालाई मध्यनजर गरि यहाँ रहेका होटल, रेष्टुरेन्ट र आवास गृह सबैलाई घरबासका रूपमा परिणत गरिएका अध्यक्ष थारूले बताउनुभयो । शनिबार गण्डकी प्रदेशसभा सदस्य पद्मा जिसी श्रेष्ठले गाउँलाई घरबास गाउँ घोषणा गर्नुभएको हो ।

यस क्षेत्रमा छुट्टाछुट्टै स्वरूपमा घरबाससहित, होटल, रेष्टुरेन्ट सञ्चालन गर्दा भविष्यमा घरबासको मौलिकता गुम्दै जाने खतरा बढेकाले सबैलाई एकै मापदण्डमा ल्याउन यस्तो घोषणा गरिएको उहाँले भन्नुभयो । हाल अमलटारी घरबासअन्तर्गतका ४३ आवास र होटलमा सञ्चालित ६४ कोठालाई एकीकृत गरि घरबासको मापदण्डमा लैजाने निर्णय गरिएको छ । 'हामीले यसअघिका घरबास र पछि सञ्चालित सबै होटलका कोठालाई घरबासमै गाभेका छौ, यहाँ आउने पाहुनाहरू एकद्वार प्रणालीबाट आउन र राम्रो सेवा लिन सकुन् भन्ने हाम्रो चाहना हो । यो योजनाले घरबासको मौलिकता जोगाउन सहयोग पुग्नेछ', अध्यक्ष थारूले भन्नुभयो ।

घरबासलाई थप व्यवस्थित गर्न दशवर्षे रणनैतिक योजनासमेत बनाइएको छ । जसमा एक घर एक रोजगार, गाउँमा सत्प्रतिशत साक्षरता, वातावरणमैत्री व्यवसाय, सबै घरमा करेसाबारीसहित थारू, बोटेलगायत स्थानीय समुदायका संस्कृति, रहनसहनलाई संरक्षण गर्ने गरि म्युजियम निर्माणको योजना छ । वन र वन्यजन्तुको संरक्षणसहित आर्थिक विकासमा जोडिन सम्भव छ भन्ने उद्देश्यका साथ यहाँ थप अभियानहरू पनि सञ्चालन गर्ने व्यवस्थापन समितिको योजना छ । 'जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, मानव वन्यजन्तुको सहअस्तित्व कायम गर्दै यो क्षेत्रलाई पर्यापर्यटनको गन्तव्यका रूपमा विकास गर्ने हाम्रो अभियान छ', अध्यक्ष थारूले भन्नुभयो ।

अमलटारी घरबासले थारु, बोटे समुदायको जीवनस्तर सुधारका साथै महिलाहरूको क्षमता विकासमा पनि सहयोग पुगेको गण्डकी प्रदेशसभा सदस्य पद्मा जिसी श्रेष्ठले बताउनुभयो । घरबासबाट जिविकोपार्जनसहित गाउँको आर्थिक तथा सामाजिक विकास सम्भव छ भन्ने उदाहरण अमटारी घरबासले प्रस्तुत गरेकामा उहाँले प्रशंसा गर्नुभयो ।

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसँग जोडिएको कावासोतीको बाघखोरमा अमलटारी क्षेत्रमा घरबास सञ्चालन पछि यहाँको आर्थिक विकासमा ठूलो सहयोग पुगेको छ । यहाँका मध्यवर्ती सामुदायिक वनमा गैंडा अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गर्छन् ।


Local Government

## Indrawati Rural Municipality

### Office of Rural Municipal Executive

Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**INTENTION TO AWARD**

**Date of Publication : 2081/02/07**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Himalayan Times National Daily' dated 2080/12/28.

| S. N. | Contract No. | Name of Work | Name and Address of Bidder | Bid Price (including VAT) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/080/081-23 | Rivertraining works at Indrawati River ward No. 12 (Chameretuda and Sipaghatpulmuni) | M/S Salin/Alan J.V, Chautara Sangachok Gadhi - 5, Sindhupalchok. | NRs. 56,54,843.83 |

**Chief Administrative Officer**

## Mahabharat Rural Municipality

### Office of the Rural Municipal Executive

Devitar, Kavrepalanchowk
Bagamati Province, Nepal

**Letter of Intent to accept the Bid**

*Date of Publication: 2081/02/07*

This is to notify, as per section 27(2) of Public Procurement 2063 and ITB 41.1 of the bidding document, to all the concerned bidders that our intention is to award Contract No: **GOODS/MRMO/080-81/01**, published on 2081/01/03 in "Himalaya Times National Daily" to following bidder selected as substantially responsive lowest evaluated bid in accordance with ITB 39.1 of the Bidding document.

| S. N. | Name of Contract | Contract Identification Number | Name and address of successful bidder | Quoted Amount NRs. (inclusive of VAT and PS) |
|---|---|---|---|---|
| 1 | Fabricaion, Supply and Transportation of Steel Parts for Namatar Deurali and Foksingtar Khyapuwa Trail bridge | GOODS/MRMO/080-81/01 | Gaurav Nepal Engineering Pvt. Ltd, Bharatpur-1, Chitwan | 2,624,646.05 |

**Chief Administrative Officer**

## Purchaudi Municipality

### Office of Municipal Executive

Hat, Baitadi,
Sudurpaschim Province, Nepal

**Invitation for sealed quotation**

*Date of publication: 2081/02/07 (20 May 2024)*

1. **Purchaudi Municipality Hat, Baitadi** invites electronic or e-bids from eligible bidders for the following goods under sealed quotation Bidding Procedures.

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Without Vat) NRs. | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PNP/BTD/SQ/Good/10/2080/081 | Supply & Installation of Required USG Machine (Portable Color Doppler with 2 Probes & printers) & ECG Machine (6channel With Printer) with fully equipped with accessories. | 14,27,433.00 | 40,000.00 | 1,000.00 | 45 days | - |

2. Only Electronics bidding through PPMO's Web Site **www.bolpatra.gov.np./egp**, is permitted and bid Shall be Submitted on or before 12:00 pm on 2081/02/22 (04 Jun, 2024) and bid Shall be opened on the same date at 2:00 pm. Eligible Bidder may Obtained Further information from **www.Purchaudimun.gov.np** or may Visit PPMO website **www.bolpatra.gov.np./egp** . Bidder should deposits the cost of bidding document in the project account as specified below.
3. Bid security shall be valid for 30 days beyond the validity period of the bid .
4. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank** : Global IME Bank Limited, Purchaudi Branch, Baitadi
   **Name of Office** : Purchaudi Municipality, Hat, Baitadi
   **Office Account No.** : 12404010000015 (Antarik Rajashwa Khata) for Deposit Bid Document fee
   **Office Account No.** : 12404010000005 (Deposit Khata)
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Purchaudi Municipality, Hat, Baitadi reserves the right to amend and correct at any time.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without .

**Chief Administrative Officer**

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमिसुधार तथा मालपोत कार्यालय, इनरुवा, सुनसरी

**बोलपत्र आह्वान तथा E-Bidding को सूचना**

पटक प्रकाशित मिति: २०८१/०२/०७

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्य गर्न बोलपत्र फारममा उल्लिखित शर्तहरूको अधिनमा रही योग्य बोलपत्रदाताहरूबाट १६औं दिनको १२.०० बजेभित्र E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत सूचना तथा आवश्यक जानकारीको लागि www.bolpatra.gov.np/egp मा भएको सम्बन्धित बिड डकुमेन्ट हेर्न अनुरोध गरिन्छ ।

तपसिल

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | ल.इ. (भ्याट र कन्टिन्जेन्सी बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | LROBUILDING /01/080/081 | कार्यालय भवनको तला थप गर्ने कार्य, इनरुवा-३ | १७,९१,२१६.४६ | ५५,०००.०० | ३,०००.०० |

प्रमुख मालपोत अधिकृत

# UAE मा रोजगारको अवसर

UAE स्थित **Target Engineering Construction llc** बाट नेपाली कामदारहरूको माग भई आएकोले इच्छुक व्यक्तिहरूले आफ्नो सक्कल राहदानीसहित सम्पर्क राख्नुहोला ।

पूर्व स्वीकृती मिति: २०८०/०८/०८ | LT. No.: 295509 | चलानी नं.:[illegible]

| क्र. सं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 75 | 00 | [illegible] | 1100 | ३९,९६० | [illegible] | ८ घण्टा | १ दिन | [illegible] | छ | छ | २ वर्ष |
| 2 | Building Labourer | 124 | 00 | [illegible] | 900 | ३२,४४८ | [illegible] | ८ घण्टा | १ दिन | [illegible] | छ | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता: धनुषा जनकपुर उपमहानगरपालिका मल्फा ट्रेनिङ सेन्टरमा २०८१ जेठ १४ गते (27 May 2024) का दिन हुनेछ ।
काठमाण्डौ महानगर पालिकामा रहेको शिखर इन्टरनेशनल ट्रेनिङ इन्ष्टिच्युट प्रा. लि.मा २०८१ जेठ १४ गते (27 May 2024) का दिन हुनेछ ।

**वैदेशिक रोजगार विभागबाट जारीएको जानकारी:** [illegible] कुल लाग्ने खर्च: नि:शुल्क

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

## नबिल बैंक लिमिटेड, खाँदबारी शाखा, संखुवासभाको, धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०२/०७)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरू तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरू उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१२/०९ को **नागरिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको नबुझाएको एवं ऋण जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **खाँदबारी शाखा, संखुवासभा** मा आइपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आह्वान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराइन्छ ।

तपसिल

**ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिस्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं १ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा, मिति २०७६/११/२० मा प्रा.फ.र.नं ५१९१/०७६/०७७ अन्तर्गत दर्ता भएको **भोजपुरे सुनचाँदी पसल** ।
ठेगाना : चैनपुर न.पा ६ संखुवासभा ।

**ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण:**
छोरा, संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं २, स्थायी घर भई हाल संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ६ बस्ने, नागरिकता नं. ४६५६/४४७, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: संखुवासभा, मिति : वि.सं. २०५७/०२/२९ भएको **श्री समिर उदास** ।

**ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. जित बहादुर उदासको नाती, माई प्रसाद उदासको छोरा, संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ३, स्थायी घर भई हाल संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ६ बस्ने, नागरिकता नं. ४२१/२०८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: संखुवासभा, मिति : वि.सं. २०४२/३/४ भएको **श्री गणेश उदास** ।
२. माई प्रसाद उदासको नाती, गणेश उदासको छोरा, संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ३, स्थायी घर भई हाल संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ६ बस्ने, नागरिकता नं. ४२३०/४०३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: संखुवासभा, मिति : वि.सं. २०५५/१०/०२ भएको **श्री सोनम उदास** ।
३. हम्बर बहादुर शाक्यको छोरी, गणेश उदासको बुहारी, सोनम उदासकी श्रीमती, संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ३, स्थायी घर भई हाल संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. ८२१ (जारी मिति २०६०/१०/०४, स्थान संखुवासभा) भएकी **श्रीमती अनिशा शाक्य** ।
४. उत्तम कुमार श्रेष्ठको छोरी, गणेश उदासको बुहारी, समिर उदासकी श्रीमती, संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ४, स्थायी घर भई हाल संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ६ बस्ने, ना.प्र.नं. १०२०२५/१४२५ (जारी मिति: २०६५/०१/१६, स्थान संखुवासभा) भएकी **श्रीमती एलिना श्रेष्ठ** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ३, स्थायी घर भई हाल संखुवासभा जिल्ला चैनपुर न.पा वडा नं ६ बस्ने, **श्री गणेश उदास** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला धरान उ.म.न.पा वडा नं १२ सिट नं १२ मा अवस्थित कि.नं. [illegible] क्षेत्रफल ०-०-३-२ विघा जग्गा एवं सो मा जडित सम्पूर्ण निर्माणहरू समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु:**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **खाँदबारी शाखा, संखुवासभा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/०२/२१ गते ३:०० बजे भित्र यस बैंकको **खाँदबारी शाखा, संखुवासभा** मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०२/२२ गते २:०० बजे बैंकको **खाँदबारी शाखा, संखुवासभा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगतै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगतै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहा जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरिद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफूले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफूले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिइने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधिभित्र आफूले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिइनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **खाँदबारी शाखा, संखुवासभा** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१७१७

## बहालमा बसेको घर खाली गर्न जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८१/०२/०७**

मेरो नाममा रहेको का.जि. का.म.न.पा. वडा नं. ४, भाटभटेनी स्थित कि.नं. ८७ र ४१४ मा बनेको २½ (साढे दुई) तल्ला आधुनिक घर का.जि. का.म.न.पा. वडा नं. १६ स्थित **नेट बे पेमेन्ट सर्भिस प्रा.लि.** कम्पनी दर्ता नं. २१४५२२/०७५/०७६ का प्रमुख कार्यकारी अधिकृत श्री गनेशप्रसाद मानन्धरले मिति २०७९/०१/०१ गतेदेखि लागू हुनेगरी मिति २०७८/०४/०४ मा सम्झौता गरेको र विगत ६ महिनादेखि घर बहाल रकम नबुझाएको साथै २०८० साउनदेखि हालसम्मको घरबहाल कर पनि जम्मा नगरेको हुनाले यो सूचना प्रकाशित मितिले ३५ दिन भित्रमा घर बहाल रकम र बहाल कर दुवै बुझाइ घर खाली गरिदिन यो सूचना प्रकाशित गरिएको व्यहोरा अवगत गराइन्छ ।

**घर धनी: रञ्जन उपाध्याय**

## कथासंग्रह 'लाइ–सी'को परिचर्चा

**हिमालय टाइम्स**
भोजपुर, ६ जेठ

ङकङमा बसेर आख्यानमा कलम चलाउहुने कथाकार दाजु गुरुङको डायस्पोरिक कथासंग्रह 'लाइ–सी'माथि भोजपुरमा परिचर्चा भएको छ । जिल्ला समन्वय समिति भोजपुरका प्रमुख कमल थुलुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रम प्रगतिशील लेखक संघले संयोजन गरेको थियो । कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष अमृका ताम्राकारले गर्नुभएको थियो भने सञ्चालन सचिव कवि कविता राईले गर्नुभएको थियो ।



कार्यक्रममा कथाकृति 'लाइ–सी' माथि उप–प्राध्यापक सुरेन्द्र कार्की, समीक्षक शरणबहादुर खत्री र कवि/गीतकार कमला प्रधानले परिचर्चा गर्नुभएको थियो । परिचर्चा कारहरूले कथाकृतिमाथि डायस्पोरिक प्रवृत्ति, लैगिंकता र कथागत विशेषतामाथि चर्चा गरेका थिए ।

समग्रमा कथाकृतिलाई-सीले नेपाली साहित्यको कथा क्षेत्रमा एक राम्रो उपस्थिति जनाएको निष्कर्ष परिचर्चा कारहरूले प्रस्तुत गरेका थिए ।

सो अवसरमा खोटाङ जिल्लाको हलेसीमा सम्पन्न राष्ट्रिय कविता महोत्सवमा द्वितीय हुने भोजपुरका कवि संग्राम किरातीलाई सम्मान पनि गरिएको थियो भने उदयपुरका अतिथि कवि जीवन आरोहीले कविता वाचन गर्नुभएको थियो ।

## कथा वाचक साइग्रेसको कथा 'अधुरो प्रेम'मा चलचित्र बन्ने

**हिमालय टाइम्स**
काठमाडौं, ६ जेठ

कथा वाचक साइग्रेस पोखरेलको अडियो नोभेल 'अधुरो प्रेम'मा आधारित रही चलचित्र बन्ने भएको छ । शनिबार काठमाडौंको राष्ट्रिय सभागृहमा आयोजित 'वर्ड टुर विथ साइग्रेस'को ६०औं शृंखलामा साइग्रेस आफैंले यो चलचित्रको घोषणा गर्नुभएको हो ।



शिशिर खातीले निर्देशन गर्ने चलचित्रलाई प्लानेट थ्री फिल्म्सले निर्माण गर्ने तय भएको छ । कार्यकारी निर्माताको रूपमा अर्जुन सुवेदी रहनुभएको छ । चलचित्रको घोषणा गर्दा यसको थिम पोस्टर पनि सार्वजनिक गरिएको थियो ।

साइग्रेसले आफ्नै युट्युब च्यानलमा तीन वर्षअगाडि अपलोड गरेको एक घण्टा ४६ मिनेट लामो अडियो नोभेल 'अधुरो प्रेम' हालसम्म ६२ लाखभन्दा बढी पटक सुनिएको छ । यसलाई अडियो सुन्ने अन्य प्लेटफर्महरूमा समेत लाखौं पटक सुनिएको छ ।

विसं २०८२ मा रिलिज लक्ष्य राखिएको यस चलचित्रमा कलाकार र अन्य टिमको विषयमा भने टुंगो लागिसकेको छैन । चलचित्रका निर्माण नियन्त्रक मनोज जोशी रहनुभएको छ ।

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८१/०२/०७

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय फिदिमबाट तपाईं ऋणीहरुले तालिकामा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको शिर्त बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईं ऋणीहरुलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई ताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै पहल नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईंहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पूर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम तपसिलको धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धितोबाट असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं | ऋणीको विवरण | सुरक्षण बापत धितोको विवरण | व्यक्तिगत जमानीकर्ता |
|---|---|---|---|
| १. | नाम: पाँचथर मिडिया प्रा. लि.<br>दर्ता नं.<br>प्रा.क.र.नं. १९९९०/०६८/०६९<br>दर्ता मिति: २०६८/१२/१७<br>प्यान नं.: ६०३४४१७५७<br>प्यान दर्ता मिति: २०६८/१२/२४<br>ठेगाना: फिदिम न.पा. वडा नं. १ पाँचथर<br>अख्तियार प्राप्त व्यक्ति: काली बहादुर बेर्मा ।<br>कर्जा: व्यापारिक | चतुर सिं बेर्माको नाति सिंग बहादुर बेर्माको छोरा पाँचथर जिल्ला माङजाबुङ गा.वि.स. वडा नं. ४ हाल ऐ जिल्ला फिदिम न.पा. वडा नं. १ बस्ने काली बहादुर बेर्माको नाममा मालपोत कार्यालय पाँचथरमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. १ख को कि.नं. ३३३ को क्षे.फ ०-८-०-० (रो-आ-पै-दाम) जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत । | १. नाम: काली बहादुर बेर्मा<br>स्थायी ठेगाना: पाँचथर जिल्ला माङजाबुङ गा.वि.स. वडा नं. ४<br>हालको ठेगाना: ऐ जिल्ला फिदिम न.पा. वडा नं. १<br>बाबु: सिंग बहादुर बेर्मा<br>बाजे: चतुर सिं बेर्मा<br>ना.प्र.नं.: ११०/१७८<br>जारी मिति: २०५९/१०/२८, जि.प्र.का पाँचथर ।<br>२. नाम: विष्णु माया फोम्बो (लिम्बु)<br>स्थायी ठेगाना: तेह्रथुम जिल्ला [illegible] गा.वि.स.वडा नं. ७<br>हालको ठेगाना: पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. १<br>बाबु: [illegible] बहादुर लिम्बु<br>ससुरा: सिंग बहादुर बेर्मा<br>पतिको नाम: काली बहादुर बेर्मा<br>ना.प्र.नं.: ४०८९२/३०९<br>जारी मिति: २०६०/०७/२०, जि.प्र.का तेह्रथुम । |
| २. | नाम: विशाल किराना पसल<br>दर्ता नं.<br>प्रा.फ.र.नं. २६२/०७२/०७३<br>दर्ता मिति: २०७२/११/२८<br>प्यान नं.: ६०२००००३६<br>प्यान दर्ता मिति: २०७२/११/२७<br>ठेगाना: फिदिम न.पा. वडा नं. ७ पाँचथर<br>अख्तियार प्राप्त व्यक्ति: कृष्ण बहादुर श्रेष्ठ<br>कर्जा: व्यापारिक | १.अम्बिकेश्वर श्रेष्ठको नाति भक्त बहादुर श्रेष्ठको छोरा पाँचथर जिल्ला चोकमागु गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल ऐ जिल्ला फिदिम न.पा. वडा नं. ७ बस्ने कृष्ण बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय पाँचथरमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला चोकमागु गा. वि. स. वडा नं. ३क को कि.नं. ५०० को क्षे.फ ०-७-२-२ जग्गा र उक्त जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत ।<br>२. खड्कबीर श्रेष्ठको नाति अम्बिकेश्वर श्रेष्ठको छोरा पाँचथर जिल्ला चोकमागु गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल ऐ जिल्ला फिदिम न.पा. वडा नं. ७ बस्ने भक्त बहादुर श्रेष्ठ(ना.प्र.नं ७४/८४०) को नाममा मालपोत कार्यालय पाँचथरमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला चोकमागु गा. वि. स. वडा नं. ३क को कि.नं. ३८१ र ३८३ को क्षे.फ ९-६-३-१ र ९-३-१-२ जग्गा र उक्त जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत । | १. नाम: कृष्ण बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना: पाँचथर जिल्ला चोकमागु गा.वि.स.वडा नं. ३<br>हालको ठेगाना: ऐ जिल्ला फिदिम न.पा. वडा नं. ७<br>बाबु: भक्त बहादुर श्रेष्ठ<br>बाजे: अम्बिकेश्वर श्रेष्ठ<br>ना.प्र.नं. ६९०७ -८३४<br>जारी मिति: २०५३/०९/२०, जि.प्र.का पाँचथर<br>२. नाम: भक्त बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना: पाँचथर जिल्ला चोकमागु गा.वि.स.वडा नं. ३<br>हालको ठेगाना: ऐ जिल्ला फिदिम न.पा. वडा नं. ७<br>बाबु: अम्बिकेश्वर श्रेष्ठ<br>बाजे: खड्कबीर श्रेष्ठ<br>ना.प्र.नं. ७४/८४०<br>जारी मिति: २०४३/०१/०५, जि.प्र.का पाँचथर<br>३. नाम: सीता श्रेष्ठ<br>स्थायी ठेगाना: पाँचथर जिल्ला चोकमागु गा.वि.स./न.पा. वडा नं. ५<br>हालको ठेगाना: ऐ जिल्ला फिदिम न.पा. वडा नं. ७<br>बाबु: टेकबहादुर<br>पति: कृष्ण बहादुर श्रेष्ठ<br>ससुरा: भक्त बहादुर श्रेष्ठ<br>आमा: पूर्णमाया<br>ना.प्र.नं.: ०२३०११/७०<br>जारी मिति: २०६३/१०/०८,जि.प्र.का पाँचथर<br>४. नाम: दिपेन्द्र श्रेष्ठ<br>स्थायी ठेगाना: पाँचथर जिल्ला चोकमागु गा.वि.स. वडा नं.५<br>हालको ठेगाना: ऐ जिल्ला फिदिम न.पा. वडा नं. ७<br>बाबु: भक्त बहादुर श्रेष्ठ<br>बाजे: अम्बिकेश्वर श्रेष्ठ<br>ना.प्र.नं.: २१५/८३५<br>जारी मिति: २०५९/०९/०७ जि.प्र.का पाँचथर |
| ३. | नाम: ज्योती नवल कृषि फर्म<br>ठेगाना: पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. १<br>दर्ता गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, पाँचथर ।<br>दर्ता नं.<br>उ.द.प्र.प.नं.<br>९७७/१६७४/१४१६८/२१८४/२०७४/०७५<br>दर्ता मिति: २०७५/०२/१८<br>प्यान नं.: ६१८११९०८९<br>प्यान दर्ता मिति: २०७७/१०/२७<br>अख्तियार प्राप्त व्यक्ति: रीमा कुमारी बास्कोटा<br>कर्जा : बहुविधायुक्त कृषि | वैजनाथ बास्कोटाको नाति पदमलाल बास्कोटाको छोरा पाँचथर जिल्ला फिदिम न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल ऐ. जिल्ला फिदिम न.पा.वडा नं. १ बस्ने बेनी प्रसाद बास्कोटाको नाममा मालपोत कार्यालय पाँचथरमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला फिदिम न.पा./गा.वि.स. वडा नं. १क को कि.नं. १८५१ को क्षे.फ १-११-०-० (रो.आ.पै.दा) जग्गा र उक्त जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत । | १. नाम: रीमा कुमारी बास्कोटा<br>स्थायी ठेगाना: पाँचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. १<br>हालको ठेगाना: ऐ.जिल्ला फिदिम न.पा.वडा नं. ऐ.<br>बाबु: [illegible]<br>ससुरा: पदम लाल बास्कोटा<br>पति: बेनि प्रसाद बास्कोटा<br>ना.प्र.नं.: ०२/४३९/१<br>जारी मिति: २०५९/०५/२७, जि.प्र.का पाँचथर ।<br>२. नाम: बेनी प्रसाद बास्कोटा<br>स्थायी ठेगाना: पाँचथर जिल्ला फिदिम न.पा. वडा नं.१<br>हालको ठेगाना: ऐ. जिल्ला ऐ. न.पा.वडा नं.ऐ<br>बाबु: पदम लाल बास्कोटा<br>बाजे: वैजनाथ बास्कोटा<br>ना.प्र.नं.: २३९४-११३३/३३<br>जारी मिति: २०५९/०५/०३, जि.प्र.का पाँचथर । |
| ४. | नाम: विनोद आङदेम्बे<br>स्थायी ठेगाना: पाँचथर जिल्ला नवमिदाङ गा.वि.स. वडा नं. ८<br>हालको ठेगाना: ऐ. जिल्ला फाल्गुनन्द गा.पा. वडा नं. १<br>बाबु: सुन्दर कुमार आङदेम्बे<br>बाजे: अमल बहादुर आङदेम्बे<br>ना.प्र.नं.: ११४८९-४३०<br>जारी मिति: २०६४/०७/११, जि.प्र.का पाँचथर ।<br>कर्जा : बहुविधायुक्त कृषि | अमल बहादुर आङदेम्बेको नाति सुन्दर कुमार आङदेम्बेको छोरा पाँचथर जिल्ला नवमिदाङ गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल ऐ. जिल्ला फाल्गुनन्द गा.पा. वडा नं. १ बस्ने विनोद आङदेम्बे को नाममा मालपोत कार्यालय पाँचथरमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला उम्लावुङ गा.वि.स/न.पा.वडा नं. ३/ख को कि.नं. ११६ क्षे.फ ३-१-२-१ ७क को कि.नं. ६६ र ८२ को क्षे.फ क्रमश २-६-०-२, १-१-०-४ ७ख को १३३, १२४,१४२ को क्षे.फ क्रमश २-४-३-२, ६-५-३-० र ४-७-०-१(रो.आ.पै.दा) जग्गा र उक्त जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत । | १. नाम: सुमन आङदेम्बे<br>स्थायी ठेगाना: पाँचथर जिल्ला नवमिदाङ गा.वि.स. वडा नं.८<br>हालको ठेगाना: ऐ. जिल्ला फाल्गुनन्द गा.पा. वडा नं. १<br>बाबु: गोकुल कुमार [illegible]<br>ससुरा: सुन्दर कुमार आङदेम्बे<br>पति: विनोद आङदेम्बे<br>ना.प्र.नं.: ०१०६६००११२१<br>जारी मिति:२०६६/११/०६, जि.प्र.का पाँचथर । |
| ५. | नाम: श्री बहादुर तामाङ<br>स्थायी ठेगाना: इलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना: ऐ. जिल्ला माईजोगमाई गा.पा. वडा नं. ६<br>बाबु: हस्त बहादुर तामाङ<br>पत्नी: सुनिता तामाङ<br>बाजे: बलबिर तामाङ<br>ना.प्र.नं: २४४/१०५९<br>जारी मिति: २०४४/११/१६ ,जि.प्र.का इलाम ।<br>कर्जा : कृषि | बलबिर तामाङको नाति हस्त बहादुर तामाङको छोरा इलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल ऐ. जिल्ला माईजोगमाई गा.पा.वडा नं. ६ बस्ने श्री बहादुर तामाङको नाममा मालपोत कार्यालय इलाममा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको इलाम जिल्ला सोयाङ गा.वि.स./ न.पा. वडा नं. ७ख को कि.नं. २८७, १८७ र १८८ को क्षे.फ क्रमश १-०-०-०, ३-६-०-३, १४-३-०-१(रो-आ-पै-दा) जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत । | १. नाम: सुनिता तामाङ<br>स्थायी ठेगाना: इलाम जिल्ला सोयाङ गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना: ऐ. जिल्ला माईजोगमाई गा.पा.वडा नं. ६<br>बाबु: पदमलाल तामाङ<br>पति: श्री बहादुर तामाङ<br>ससुरा: हस्त बहादुर तामाङ<br>ना.प्र.नं: ०३.०१.०४४/८९९९३<br>जारी मिति: २०६३/०९/२४ जि.प्र.का. इलाम ।<br>२. नाम: मिङ तामाङ<br>स्थायी ठेगाना: इलाम माईजोगमाई गा.पा.वडा नं. ६<br>हालको ठेगाना: ऐ. जिल्ला ऐ. गा.पा.वडा नं. ऐ<br>बाबु: श्री बहादुर तामाङ<br>बाजे: हस्त बहादुर तामाङ<br>आमा: सुनिता तामाङ<br>ना.प्र.नं: ०३-०१-७६-०१०३१<br>जारी मिति: २०७६/०३/०९ जि.प्र.का. इलाम । |
| ६. | नाम: गंगा बहादुर उमाकोटी कार्की<br>स्थायी ठेगाना: पाँचथर जिल्ला सुभाङ गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना: ऐ. जिल्ला हिलीहाङ गा.पा. वडा नं. ६<br>बाबु: खड्ग बहादुर कार्की<br>बाजे : गौरी बहादुर कार्की<br>ना.प्र.नं: १२६/१८४<br>जारी मिति: २०३८/०६/११, जि.प्र.का पाँचथर ।<br>कर्जा : कृषि | गौरी बहादुर कार्कीको नाति खड्ग बहादुर कार्कीको छोरा पाँचथर जिल्ला सुभाङ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल ऐ. जिल्ला हिलीहाङ गा.पा. वडा नं. ६ बस्ने गंगा बहादुर उमाकोटी कार्कीको नाममा मालपोत कार्यालय पाँचथरमा एकलौटी रुपमा दर्ता श्रेस्ता कायम रहेको पाँचथर जिल्ला सुभाङ न.पा./गा.वि.स. वडा नं.३क को कि.नं. ६८ र ६९को क्षे.फ ६-०-१-३ र २२-११-१-१(रो.आ.पै.दा) जग्गा र उक्त जग्गाले चर्चेको तथा भविष्यमा चर्चने [illegible] समेत । | १. नाम: हिमाल उमाकोटी<br>स्थायी ठेगाना: पाँचथर जिल्ला सुभाङ गा.वि.स. वडा नं. ७<br>हालको ठेगाना: ऐ. जिल्ला हिलीहाङ गा.पा. वडा नं. ६<br>बाबु: गंगा बहादुर उमाकोटी कार्की<br>बाजे: खड्ग बहादुर कार्की<br>ना.प्र.नं: ०१३००८/४९<br>जारी मिति: २०७०/०३/३१, जि.प्र.का पाँचथर । |

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोन: ४४४४०३५, फ्याक्स: ४४४३४१४
इमेल: info@goodwill.net.np

शाखा कार्यालयहरु

| डिल्लीबजार | इन्द्रचोक | भक्तपुर | कुमारीपाटी | त्रिपुरेश्वर | नयाँबजार | इटहरी, सुनसरी | बिर्तामोड | नेपालगंज |
|---|---|---|---|---|---|---|---|---|
| ४४३३३४० | ४२२८९३४ | ६६२००६७ | ५४०८६४० | ४२६१९६३ | ४९७०७५८ | ०२५-५८००५१ | ०२३-५४०४९८ | ०८१-५३२०३५ |

| धोराही, दाङ | इलाम | फिदिम | बुटवल | बर्दिबास | धनगढी | नवलपुर | गैंडाकोट | भैरहवा |
|---|---|---|---|---|---|---|---|---|
| ०८२-५६२३४० | ०२७-५२०८४५ | ०२४-५२१११८ | ०७१-५३०३८२ | ०४४-५५०१०२ | ०९१-४१७३३३ | ०८६-५८००५० | ०७८-५०१४११ | ०७१-५९०१६३ |

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## Ayurveda Hospital Nardevi
**Invitation for Quotations for the NAHKTM05/080/81**
**Contract Identification No NAHKTM05/080/81**

**Invitation for Quotations**

Date of Publication :2081/02/07

1. The Ayurveda Hospital Nardevi invites sealed quotations for the Procurement of Lab and Surgical Items. Estimated amount for the goods without VAT is 20,72,722.3 (In words: Twenty Lakh Seventy-Two Thousand Seven Hundred and Twenty-Two Rupees and Three Paisa only)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np.

## सरिया ग्रिन ब्रिक इण्डष्ट्रिज क्षमतावृद्धिको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति: २०८१/०२/०७)

कोशी प्रदेश, झापा जिल्लाको मेचीनगर नगरपालिका, वडा नं. १५ मा सरिया ग्रिन ब्रिक इण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | सरिया ग्रिन ब्रिक इण्डष्ट्रिज प्रा.लि.,<br>मेचीनगर नगरपालिका वडा नं.१५, झापा, कोशी प्रदेश |
| प्रस्तावको व्यहोरा | सरिया ग्रिन ब्रिक इण्डष्ट्रिज प्रा.लि. द्वारा प्रस्तावित इटा उद्योगको क्षमतावृद्धि गरी वार्षिक १२ करोड इटा उत्पादन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/स्थानीय तह | झापा जिल्ला, मेचीनगर नगरपालिका वडा नं.१५ |
| जग्गाको कित्ता नं. | मेचीनगर नगरपालिका वडा नं.१५ को कित्ता नं. २१७४, २१८६, २१७५, २०६७, ३४४७, ३४४९, २०७७, २०८०, ६६, २०६५, २०७४, २०७२, ५७, २०७६, ३४३५, ३४३७, ३४४९, ३४४३, ३४३३ |

माथी उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | सरिया ग्रिन ब्रिक इण्डष्ट्रिज प्रा.लि.,<br>मेचीनगर नगरपालिका वडा नं.१५, झापा, कोशी प्रदेश, फोन नं.: ९८५१०४४३९३ |
| परामर्शदाताको नाम तथा ठेगाना | इकोग्रीन कन्सल्टेन्सी प्रा.लि.<br>बिर्तामोड-१०, झापा फोन नं.: ९८१५०८२०८७ ईमेल : eco.greenary@gmail.com |

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
**Federal Water Supply and Sewerage Management Project**
Pokhara

**Re-Invitation for Bids**

First Date of Publication: May 03, 2024 (EGP-Portal)
Second Date of Publication: May 20, 2024 (EGP-Portal)

1. FWSSMP Pokhara re-invites online bids for Sealed Quotation under e-procurement systems from eligible bidders for the procurement of Project mentioned below;

| S.No. | IFB No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period | Last Date of Submission of Bid |
|---|---|---|---|---|---|---|
| 1 | IFB/07/80/81/goods/fwssmp/pokhara | Supply & Delivery of Chemicals, Reagents, Equipments and Glasswares for Water Testing laboratory. | NRs. 1,000.00 | 44,000.00 | 45 days | June 04, 2024 12: 00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Federal Water Supply and Sewerage Management Project, Pokhara or may visit PPMO website www.bolpatra.gov.np/egp

**Project Chief**

## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

### चितवन जिल्ला, कालिका नगरपालिकाको वडा नं. १० स्थित कयर खोला माथि पक्की पुल निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा राय सुझावको लागि जारी गरिएको सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८०/०२/०७)**

बागमती प्रदेश, चितवन जिल्ला, कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रससग्राम, चितवन, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**तपसिल**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रससग्राम, चितवन, बाग्मती प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. १० अवस्थित कयर खोला माथि पक्की पुल निर्माण |
| प्रभाव पार्न सक्ने क्षेत्र | चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. १० । |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको स्थानिय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालासँग अन्तरक्रिया गर्न सार्वजनिक सुनवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनु हुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**
स्थान : कालिका नगरपालिका १० नं. वडा कार्यालय, सिद्दी, तीन दोभान, चितवन
मिति : २०८१/०२/१४
समय : दिनको ११: ०० बजे ।

# सन्दीपको विश्वकप लक्षित अभ्यास



**हिमालय टाइम्स**

काठमाडौं, ६ जेठ

क्रिकेटर सन्दीप लामिछानेले आसन्न आइसिसी टी-२० विश्वकप लक्षित अभ्यास सुरु गर्नुभएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले पनि सन्दीपलाई अमेरिका र वेष्ट इण्डिजमा जुन १ तारिखदेखि सुरु हुने टी-२० विश्वकप खेलाउने तयारी गरेको छ । पाटन उच्च अदालतले गत बुधबार पूर्व कप्तान सन्दीपलाई निर्दोष ठहर गर्दै सफाइ दिएपछि तत्कालै क्यानले सन्दीपमाथि लगाएको प्रतिबन्ध फुकुवा गरेको थियो । सन्दीपले शनिबार कीर्तिपुरस्थित क्रिकेट मैदानको अभ्यास सेन्टरमा पुगेर तयारीसमेत गर्नुभएको छ । सन्दीपको तयारीका क्रममा क्यानमा सचिव एवं पूर्वकप्तान पारस खड्का पनि पुग्नुभएको थियो ।

विश्वकपका लागि नेपाली टोली अहिले वेष्ट इण्डिज पुगेको छ । टोलीमा यसअघि नै १५ जना खेलाडी समावेश छन् । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले मे २५ तारिखसम्म टोलीको खेलाडीमा फेरबदल गर्न पाउने व्यवस्था छ । क्यानले सन्दीपलाई विश्वकप खेल्न टोलीमा सामेल गराउने तयारी गरिरहेको जनाएको छ ।

पाँच महिना मैदानबाहिर रहनुभएका सन्दीप टोलीमा अटाउन उहाँ शारीरिक, मानसिक र प्राविधिकरूपले फिट हुनुपर्ने हुन्छ । नेपाललाई विश्वकपमा छनोट गराउन सन्दीपको भूमिका उल्लेख्य रहेको थियो ।

आइसिसी टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा रहेको छ । यस समूहमा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्याण्ड्स रहेका छन् । नेपालले जुन ४ तारिख नेदरल्याण्ड्ससँग खेल्दै विश्वकपको सुरुवात गर्नेछ ।

यस्तै, नेपालले समूहको दोस्रो खेल जुन १२ मा श्रीलंका, तेस्रो खेल जुन १५ मा दक्षिण अफ्रिका र चौथो खेल जुन १७ तारिख बंगलादेशसँग खेल्नेछ । नेपालले १० वर्षपछि टी-२० विश्वकप खेल्न लागेको हो ।

यसअघि नेपालले बंगलादेशमा सन् २०१४ मा आयोजना भएको टी-२० विश्वकप खेलेको थियो । विश्वकपअघि नेपालले आइसिसीले तय गरेका दुईवटा अभ्यास खेल पनि खेल्नेछ । जसअनुसार नेपालले मे २७ तारिख क्यानडा र मे ३० तारिख आयोजक अमेरिकासँग खेल्नेछ । उक्त खेल डालासमा हुनेछ ।

# जेठ दोस्रो सातादेखि भ्याली कप टी-२० क्रिकेट प्रतियोगिता

**काठमाडौं/हिटा ।** एनसिसिएस आमन्त्रित महिला तथा पुरुष भ्याली कप टी-२० क्रिकेट प्रतियोगिता जेठ दोस्रो सातादेखि सुरु हुने भएको छ । भक्तपुर जिल्ला क्रिकेट संघको आयोजनामा हुने प्रतियोगिता १२ देखि १९ गतेसम्म हुन लागेको हो । प्रतियोगितामा पुरुषतर्फ ६ र महिलातर्फ तीन टोली सहभागी हुने आयोजकले जनाएको छ ।

आयोजकले आइतबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिताबारे जानकारी गराएको हो ।

प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा ६ टिमको सहभागिता हुने भक्तपुर जिल्ला क्रिकेट संघका अध्यक्ष अध्यक्ष डा. मनिषराज पाण्डेले जानकारी दिनुभयो । जसमा उपत्यकाका तीन जिल्लाबाट दुई-दुई टिम सहभागी हुनेछन् ।

प्रतियोगितामा भक्तपुर क्रिकेट सेन्टर र भक्तपुर क्रिकेट एक्सलेन्स सेन्टर, ललितपुरका बल पार्क स्पोर्ट्स इभेन्ट एण्ड एकेडेमी र ग्रेट हिमालय क्रिकेट एकेडेमी तथा काठमाडौंबाट क्रिकेट एक्सलेन्स सेन्टर र ओसिस क्रिकेट एकेडेमी छन् । पुरुष टिमतर्फ दुई समूहमा विभाजन गरिनेछ र लिग चरणपछि शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् ।

महिलातर्फ तीनवटा जिल्लाका टिमको सहभागिता रहनेछ । महिलातर्फ डबल राउण्ड रोबिनमा खेल हुनेछ र शीर्ष दुई टोलीबीच फाइनल खेल खेलाइनेछ । प्रतियोगिता मूलपानी क्रिकेट मैदानमा हुनेछ ।

विजेता महिला र पुरुष टोलीले नगद २५ हजार पाउनेछन् भने उपविजेता दुवै टिमले समान १५ हजार पाउनेछन् । यस्तै, व्यक्तिगत उत्कृष्टलाई पनि नगद पुरस्कारको व्यवस्था रहेको आयोजकले जनाएको छ । यो वर्षदेखि महिला र पुरुषको प्रतियोगिता सुरुवात गर्न लागेको र ग्रासरुट क्रिकेटलाई पनि सशक्त ढंगले अघि बढाउने लक्ष्यसहित प्रतियोगिता गर्न लागेको भक्तपुर जिल्ला क्रिकेट संघका अध्यक्ष डा. मनिषराज पाण्डेले जानकारी दिनुभयो । प्रतियोगिताको मुख्य प्रायोजकमा एनसिसिएस ग्रुप छ ।

# गोदावरी मेयर कपको उपाधि काठमाडौं महानगरलाई

**हिमालय टाइम्स**

काठमाडौं, ६ जेठ



काठमाडौं महानगरपालिकाले गोदावरी मेयर कपको उपाधि चुमेको छ । काठमाडौं महानगर गोदावरी बहुउद्देश्यीय रंगशालाको भ्यालुन्टार मैदानमा शनिबार भएको फाइनल खेलमा चन्द्रागिरि नगरपालिकालाई २-१ गोल अन्तरले पराजित गर्दै विजेता बनेको हो ।

उपाधि विजेता काठमाडौं महानगरपालिकाले प्रथम पुरस्कार पाँच लाख र उपविजेता चन्द्रागिरि नगरपालिकाले तीन लाख प्राप्त गरेका छन् ।

गत वैशाख २९ गते सम्पन्न हुने गरी तयारी गरिएको प्रतियोगिता वर्षातका कारण सेमिफाइनल खेल रोकिँदा ढिला सम्पन्न भएको प्रतियोगिताका संयोजक निरोज बज्राचार्यले जानकारी गराउनुभयो ।

गोदावरी नगरपालिकाको आयोजनामा गत वैशाख १५ गतेदेखि प्रथम उपत्यकाव्यापी अन्तरपालिका खुला मेयर कप फुटबल प्रतियोगिता भएको थियो । उपत्यकाभित्रका १४ वटा पालिकाका १५ वटा टिम प्रतियोगितामा प्रतिस्पर्धाका लागि सहभागी थिए ।

उपाधि हात पारेको टिमलाई मेयर बालेन्द्र साह (बालेन) ले बधाई दिनुभएको छ । सामाजिक सञ्जालमार्फत् उहाँले तस्बिरहरू सेयर गर्दै मेयर कपको उपाधि हात पारेकोमा बधाई दिनुभएको हो ।

# अन्तिम अभ्यास खेलमा विनवार्ड्ससँग नेपाल पराजित

**हिमालय टाइम्स**

काठमाडौं, ६ जेठ

आइसिसी टी-२० विश्वकप तयारीका लागि वेष्ट इण्डिजमा रहेको नेपाली क्रिकेट टोली तेस्रो अभ्यास खेलमा विनवार्ड्स भोलक्यानोजसँग पराजित भएको छ । शनिबार राती भएको तेस्रो तथा अन्तिम खेलमा नेपाल विनवार्ड्ससँग ६७ रनले पराजित भएको हो । नेपालले यसअघिको दुई खेल भने जितेको थियो । नेपाल पहिलो खेलमा चार विकेट र दोस्रो खेलमा ४९ रनले विजयी भएको थियो ।

जितका लाथि विनवार्ड्सले दिएको २०६ रनको लक्ष्य पछ्याएको नेपाल १७.२ ओभरमा सबै विकेटको क्षतिमा १३८ रनमा समेटिएको थियो । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ५३ रन बनाउनुभयो ।

यस्तै, आसिफ शेखले २४, सन्दीप जोराले २१ र करण केसीले १३ रन बनाउनुभयो । बलिङमा विनवार्ड्सका डारेन निड र केभिम होड्जले तीन-तीन विकेट लिनुभयो । निक्टस रेडहेड र डिन ब्राउनले दुई-दुई विकेट झार्नुभयो ।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको विनवार्ड्सले निर्धारित २० ओभरमा सबै विकेटको क्षतिमा २०५ रन बनाएको थियो । विनवार्ड्सका लागि डिलोन डोग्लसले ५६ रन बनाउनुभयो । शादरेक डेसकार्टले ५५ रन बनाउनुभयो ।

बलिङमा नेपालका कमलसिंह ऐरीले चार विकेट लिनुभयो । सोमपाल कामीले तीन तथा करण केसी, सागर ढकाल र कुशल भुर्तेलले एक-एक विकेट लिनुभएको थियो । नेपाली टोली विश्वकपका लागि अब अमेरिका जानेछ ।

अमेरिकाको ह्युस्टनमा मे २२ र २३ तारिखमा अभ्यास खेल खेलेपछि नेपालले आइसिसीले उपलब्ध गराएका दुईव टा अभ्यास खेल खेल्नेछ । जसअनुसार नेपालले डालासमा क्यानडासँग मे २७ र अमेरिकासँग मे ३० मा खेल्नेछ ।

# शीर्ष स्थानमा उक्लियो आरसी-३२

**हिमालय टाइम्स**

काठमाडौं, ६ जेठ

रेलिगेसन क्षेत्रमा संघर्षरत गोलबजार स्पोर्ट्स क्लबविरुद्ध २-१ को जित निकाल्दै आरसी-३२ स्पोर्ट्स एकेडेमी शहीद स्मारक 'सी' डिभिजन लिगको शीर्ष स्थानमा उक्लिएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतबार सम्पन्न पहिलो खेलमा आरसी-३२ ले गोलबजारलाई पराजित गरेको हो । आरसी-३२ लाई जित दिलाउन सुजन मगर र आशिष लावतीले गोल गर्नुभयो । गोलबजारका नरेश राईले एक गोल फर्काउनुभएको थियो । खेलको ३६औँ मिनेटमा सुजनको गोलमार्फत् आरसी-३२ ले सुरुवाती अग्रता लिएको थियो । पहिलो हाफमा १-० को अग्रता बनाएको आरसी-३२ ले दोस्रो हाफमा थप १ गोल थप्यो ।६४औँ मिनेटमा विनुले पेनाल्टीमार्फत् गोल गर्दै गोलबजारलाई एक/एकको बराबरीमा ल्याउनुभयो । त्यसपछि इन्जुरी समयको दोस्रो मिनेटमा आशिषले गोल गर्दै आरसी-३२ लाई २-१ को रोमाञ्चक जित दिलाउनुभयो । जितसँगै शीर्ष धस्थानमा उक्लिएको आरसीले नौ खेलबाट १९ अंक जोडेको छ । आरसी-३२ भन्दा पछाडि रहेको बागमतीको आठ खेलबाट १७ अंक छ । पराजित गोलबजार भने समान खेलबाट पाँच अंकसहित पुछारमा छ ।


पेसागत महासङ्घ नेपाल
राष्ट्रिय समिति, काठमाडौं

**उपहार कार्यक्रमको नतिजा प्रकाशन गरिएको बारे**

मिति: २०८१।०२।०७

मिति २०८१ जेठ ५ गतेका दिन पेसागत महासङ्घ नेपालद्वारा महासङ्घ स्थापना दिवसको उपलक्ष्यमा सञ्चालित उपहार कार्यक्रमको नतिजा तपसिल बमोजिम भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

| क.स. | उपहार | उपहारको प्रकार | उपहार नंबर |
|---|---|---|---|
| १ | प्रथम उपहार | मोटर साईकल | ६२३५ सानुमाया मानन्धर, रामेछाप |
| २ | दोस्रो उपहार | स्कुटर | ४४८९७ विनोद भट्टराई, काठमाण्डौ |
| ३ | तेस्रो उपहार | ल्यापटप | ४६६२८ बैंक, बिमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ |
| ४ | चौथो उपहार | वासिङ मेसिन | ४१७६६, ४११०५ |
| ५ | पाँचौ उपहार | एल.ई.डि.-३२ | १२३०९, ३६७७४, ४१८२६, ४२४४५, ४४१००, ४८८९१, ५०४५२ |
| ६ | छैठौ उपहार | वाटर प्युरिफायर | २११, ८०७, १४७१९, ४६५८९, ४६५९१, ४९०४५, ५०४०२ |
| ७ | सातौ उपहार | ईलेक्ट्रीक मिजर | २६५, ८६२४, १४७४०, १८०४४, १८२९८, ३१२२५, ५०५९६ |
| ८ | आठौ उपहार | मिक्सचर ग्रेन्डर | ४८६९, १३४५७, २३८१०, २६९५०, ४४८२०, ४६०८९, ४८५०७ |
| ९ | नवौ उपहार | जुसर | ०८०, ११७६२, १८४१८, १८६०७, ३१४७७, ४३७४६, ५०४३३ |
| १० | सान्त्वना उपहार | ईलेक्ट्रीक पकेट मेकर | १२३२९, ६६०६, ७०१९, ७६७९, ७९०५, ९४३५, १०७१०, १२७०२, १९३०८, १९६७७, २०९०३, २४६२६, २६६४२, ३१६७९, ३१७७२, ३२६६२, ३३८०३, ३७९८४, ३७७९२, ३८०८७, ४१४९०, ४३३६२, ४७४०३ |

पेसागत महासङ्घ नेपाल
राष्ट्रिय समिति काठमाण्डौ



कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

**चितवन जिल्ला, कालिका नगरपालिकाको बुङ-थाङ खोला व्यवस्थापन परियोजना अन्तर्गत बाढी नियन्त्रण कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाईको सूचना**

(प्रकाशित मिति : २०८०/०२/०७)

बागमती प्रदेश, चितवन जिल्ला, कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

तपसिल

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन, बाग्मती प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | चितवन जिल्ला, कालिका नगरपालिकाको बुङ-थाङखोला व्यवस्थापन परियोजना अन्तर्गत बाढी नियन्त्रण कार्य |
| प्रभाव पार्न सक्ने क्षेत्र | चितवन जिल्ला, कालिका नगरपालिका वडा नं. १, २, ३, ४, ५, ६ र ७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको स्थानिय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालासँग अन्तरक्रिया गर्न सार्वजनिक सुनवाई गर्नुपर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमूल्य राय तथा सुझावहरू दिनु हुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

स्थान : कालिका नगरपालिका ३ नं वडा कार्यालय, बनकट्टा , चितवन
मिति : २०८१/०२/१३
समय : दिनको २:०० बजे ।



MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंक बाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

Web: www.manjushreefinance.com
Email: info@manjushreefinance.com.np

**धितोमा रहेको सम्पति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८१/०२/०७

यस वित्तीय संस्थाको शाखा कार्यालयहरुबाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा ०८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारबाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

तपशिल

**१. ऋणीको विवरण**

**कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा**
**ऋणीको नाम :** औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवनमा मिति २०७८/०९/१६ गते उद्योग/व्यवसाय दर्ता नं. ११७ मा दर्ता भएको, स्थायी लेखा नं. ६१४३९५०८३ भई चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०९, स्थित रजिष्ट्रार कार्यालय रहेको **श्री न्यू ए टु जेट मर्मत तथा बिक्री केन्द्र ।**
**(अख्तियार प्राप्त सञ्चालक : धर्मराज रेग्मी)**

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| सञ्चालक/व्यक्तिगत जमानिकर्ता : धर्म राज रेग्मी | व्यक्तिगत जमानिकर्ता : गणेश बहादुर कुँवर |
|---|---|
| बाबु : हेमराज रेग्मी<br>बाजे : निरन्जन रेग्मी<br>ना.प्र.नं. : ६९४५/०५८<br>जारी मिति : २०५८/०१/१६, जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला, साविक पिठुवा गा.वि.स. वडा नं. ०१ ।<br>हाल : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १६ । | बाबु : गोपाल बहादुर कुँवर<br>बाजे : सिध बहादुर कुँवर<br>ना.प्र.नं. : ३५/६९०३/०६०<br>जारी मिति : २०६०/०९/१३, जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला, साविक पिठुवा गा.वि.स./ उ.म.न.पा. वडा नं. ०४ ।<br>हाल : चितवन जिल्ला, रत्ननगर न.पा. वडा नं. १६ । |

**धितो सुरक्षणमा रहेको सम्पतिको विवरण**

श्री धर्म राज रेग्मीको नाममा मा.पो.का., चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पिठुवा गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १ग स्थित कि.नं. २४१ र २४५ को क्षेत्रफल क्रमश ०-०-०-० (८४.६५ व.मी.) र ०-०-०-० (८३१.२१ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

| **२. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेहरुको विवरण** |
|---|---|
| **कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा**<br>**ऋणीको नाम :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागको कार्यालय, विरगन्ज, पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०८/९ गते प्रा.फ.र.नं. ३४८९२/०७३/०७४ भई स्थायी लेखा नं. ६०५४५५८९६ रहेको पर्सा जिल्ला विरगञ्ज उ.म.न.पा. वडा नं. ०८, स्थित रजिष्टर्ड ठेगाना भएको **न्यू अनमोल लेडिज फैशन ।**<br>**(प्रोप्राईटरको नाम : आबिद हुसेन )** | **प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : आबिद हुसेन**<br>बाबु : अब्दुल करिम अंसारी<br>बाजे : बसकरि मिया अंसारी<br>ना.प्र.नं. : १६०३३४५९८<br>जारी मिति : २०६२/११/२४, जि.प्र.का. : पर्सा<br>ठेगाना : पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा./गा.वि.स. वडा नं. १७ को परिवर्तित पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १४ । |
| **व्यक्तिगत जमानिकर्ता : इमामुदिन अंसारी**<br>बाबु : अब्दुल करिम अंसारी<br>बाजे : बसकरि मिया अंसारी<br>ना.प्र.नं. : १६०३२६०२२<br>जारी मिति : २०५६/०५/२३, जि.प्र.का. : पर्सा<br>ठेगाना : पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा./गा.वि.स. वडा नं. १७ को परिवर्तित पर्सा जिल्ला, विरगञ्ज म.न.पा. वडा नं. १४ । | **व्यक्तिगत जमानिकर्ता : सबरुन नेसा खातुन**<br>बाबु : इलमुद्दीन अंसारी<br>पति : सरफुदिन अंसारी<br>ना.प्र.नं. : ३४१०२२/७०८<br>जारी मिति : २०६४/०२/०९, जि.प्र.का. : पर्सा<br>ठेगाना : पर्सा जिल्ला, विरगन्ज उ.म.न.पा./गा.वि.स. वडा नं. १७ को परिवर्तित पर्सा जिल्ला, विरगन्ज म.न.पा. वडा नं. १४ । |

**धितो सुरक्षणमा रहेको सम्पतिको विवरण**

श्रीमती सबरुन नेसा खातुनको नाममा मा.पो.का., पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, मजहिडा पिप्रा गा.वि.स./न.पा. वडा नं. ९, नक्सा नं. ९ स्थित कि.नं. ४२५ को क्षेत्रफल ०-०-१० को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

| **३. ऋणीको विवरण** | **व्यक्तिगत जमानी दिनेहरुको विवरण** |
|---|---|
| **कर्जाको प्रकार : आवास कर्जा**<br>**ऋणीको नाम : मसिना दमाई**<br>बाबु : खेम बहादुर परियार<br>पति : कृष्ण बहादुर दमाई<br>ना.प्र.नं. : २८४७०<br>जारी मिति : २०५९/०९/२८, जि.प्र.का. : बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. १२ ।<br>हाल : बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ०८ । | **क) व्यक्तिगत जमानिकर्ता : कृष्ण बहादुर दमाई**<br>बाबु : राम चन्द्र दर्जी<br>बाजे : पाकपुके दमाई<br>ना.प्र.नं. : २८४३८<br>जारी मिति : २०५९/०९/२६, जि.प्र.का. : बर्दिया<br>ठेगाना: बर्दिया जिल्ला गुलरिया गा.वि.स./न.पा. वडा नं. १२, को परिवर्तित बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ०९ ।<br>हाल : बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ०८ । |

**धितो सुरक्षणमा रहेको सम्पतिको विवरण:**

श्रीमती मसिना दमाईको नाममा मा.पो.का बर्दियामा दर्ता कायम रहेको बर्दिया जिल्ला, बासीका न.पा./गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ०३४१०३४ स्थित कि.नं. ९४० र ९३७ को क्षेत्रफल क्रमश ०-०-०-० (२००.०० व.मी.) र ०-०-०-० (१३८.६२ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**४. ऋणीको विवरण**

**कर्जाको प्रकार : आवास कर्जा**
**ऋणीको नाम : लखुराउत कुर्मी**
बाबु : हिरामन राउत कुर्मी
बाजे : गोपी राउत कुर्मी
ना.प्र.नं. : ११५४२०१०
जारी मिति : २०४६/०३/१५, जि.प्र.का : पर्सा
ठेगाना : पर्सा जिल्ला, भवानिपुर नगर/गा.प वडा नं. ०२ ।

**व्यक्तिगत जमानि दिनेहरुको विवरण**

| व्यक्तिगत जमानिकर्ता : ललिता देवी | व्यक्तिगत जमानिकर्ता : सुनिल पटेल |
|---|---|
| बाबु : गोपी राउत कुर्मी<br>पति : लखु राउत कुर्मी<br>ना.प्र.नं. : ३४१०७५/२४४<br>जारी मिति : २०६५/१२/१२, जि.प्र.का : पर्सा<br>ठेगाना : पर्सा जिल्ला, भवानिपुर गा.वि.स.वडा नं. ०२ । | बाबु : लखु राउत कुर्मी<br>बाजे : हिरामन राउत कुर्मी<br>ना.प्र.नं. : ३४१०७५/२४०<br>जारी मिति : २०६६/०१/०४, जि.प्र.का : पर्सा<br>ठेगाना : पर्सा जिल्ला, भवानिपुर गा.वि.स.वडा नं. ०२ । |

**धितो सुरक्षणमा रहेको सम्पतिको विवरण**

श्री लखु राउत कुर्मीको नाममा मा.पो.का पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, भवानीपुर गा.वि.स./न.पा वडा नं. २, स्थित कि.नं. ११३ को क्षेत्रफल ०-०-४-१५ को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

शर्तहरु :

1. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
2. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ ।
3. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
4. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर
**समय** : दिउँसो ४:०० बजे, **मिति** : २०८१/०२/१४ ।

# वार्षिक निर्यात १० खर्ब पुऱ्याउने चेम्बरको 'गफ'

**हिमालय टाइम्स**
काठमाडौं, ६ जेठ

आफ्नै उत्पादन आफू प्रयोग गर्न हिच्किचाउने, दोषी उद्योगी व्यापारीलाई कारबाही गर्न नहुने माग गर्ने, व्यवसाय गर्न छाडेर राजनीतिक नेताहरूजस्तै भाषणबाजी र सभा सम्मेलनमा रमाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उच्च पदस्थहरूसँग फोटो सेसन गर्दै हिँड्ने, लगानी वातावरण नभएको, सरकारले सहयोग सहुलियत नदिएको जस्ता आरोप लगाउँदै आएको निजी क्षेत्र पनि मिठा सपना र महत्त्वाकांक्षी योजनामा सरकारभन्दा एक कदम अगाडि देखिन थालेको छ ।

नेपाल चेम्बर अफ कमर्सले वार्षिक निर्यात क्षमता १० खर्ब रुपैयाँ पुऱ्याउने गरी योजना तर्जुमा गरेको छ । चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल नेतृत्वको नयाँ कार्यसमितिले आगामी तीन वर्षमा व्यापार घाटा न्यूनीकरणका लागि निर्यात प्रवर्द्धन कार्ययोजना तयार गरेको हो । तुलनात्मक लाभका कृषि, जलस्रोत, पर्यटन, तथा सूचनाप्रविधि क्षेत्रमा स्वदेशीसँगै विदेशी लगानी आकर्षित गरी उत्पादनदेखि बजारीकरणसम्म सहजीकरण गरिने उल्लेख छ । जसका लागि रणनीतिक सुधार योजना, राजस्वमा नीतिगत सुधार, वित्तीय व्यवस्थापन र कृषिको उत्पादन वृद्धि एवं आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि चेम्बरले ४९ बुँदाको कार्यक्रम कार्ययोजना तय गरेको हो ।

चेम्बरले आइतबार पत्रकार सम्मेलन गर्दै हाल आयातको हिस्सा ९० र निर्यातको हिस्सा १० प्रतिशतको अनुपात रहेकोमा यसलाई घटाउन निर्यातयोग्य वस्तुको पहिचान एवं प्रवर्द्धन गरी निर्यात वातावरण बनाइने, वार्षिक १० खर्ब रुपैयाँको निर्यात क्षमता पुऱ्याउने गरी ठोस निर्यात प्रवर्द्धन रणनीतिक योजना तर्जुमाका लागि पहल गरिने, सातै प्रदेशमा निर्यात घर स्थापनासम्बन्धी अवधारणा कार्यान्वयनका लागि पहल गर्ने चेम्बरले जनाएको छ ।

रेमिट्यान्स उत्पादनमूलक क्षेत्रमा प्रोत्साहन गर्न नीतिगत कार्ययोजना बनाउने, वैदेशिक रोजगारबाट फर्किएका युवाको सीपलाई अध्यागमनमा लगत संकलन गर्ने र युवाको सीप स्वदेशी उत्पादनमा लगाउन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने चेम्बर अध्यक्ष अग्रवालले बताउनुभएको छ ।

कुल गार्हस्थ्य उत्पादन (जिडिपी)मा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान १४ प्रतिशत रहेको उल्लेख गर्दै चेम्बरले व्यावसायिक एवं रोजगारी अभिवृद्धिका लागि व्यापार सहजीकरण गर्दै जिडिपीमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान थप वृद्धि गर्न पहल गरिने जनाएको छ ।

पूर्वाधार योजनालाई पाइलट प्रोजेक्टका रूपमा विकास गरी विदेशी लगानीको आकर्षणको पहल गरिने, तुलनात्मक लाभ भएका कृषि, जलस्रोत, पर्यटन, तथा सूचनाप्रविधि क्षेत्रमा स्वदेशीसँगै विदेशी लगानी भित्र्याउन पहल गरिने, विश्व व्यापार संगठन, बिमस्टेक र साफ्टालगायतमा गरिएका प्रतिबद्धताअनुसार भन्सार दरबन्दी घटाउन पहल गरिने, भन्सारमा कारोबार मूल्यलाई मान्यता दिई सन्दर्भ मूल्यलाई खारेज गर्न निरन्तर पहल गरिने चेम्बरद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

चेम्बरले आगामी तीन वर्षमा गर्न सकिने केही विषय उल्लेख गरेको छ । रणनीतिक सुधारतर्फ दिगो आर्थिक विकासका लागि स्थिर सरकार र नीतिगत स्थायित्वमा जोड दिने, आर्थिक वर्ष २०८१/०८२ देखि लागू हुने १६औँ पञ्चवर्षीय योजना, सरकारको नीति तथा कार्यक्रम, बजेट र मौद्रिक नीतिबीचको प्रभावकारी तालमेलका लागि पहल गर्ने, पुँजीगत खर्च वृद्धि एवं आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने, पुँजीगत खर्च समयमै सम्पन्न गर्न समयबद्ध तालिका बनाएर परिणाम दिने गरी काम गर्न प्रेरित गर्ने, संसद्मा विचाराधीन आर्थिक विधेयक पारित गराउन निरन्तर पहल गर्ने, कालोबजारी ऐन २०३२ एवं अन्य पुराना र अव्यावहारिक कानुन खारेज गरी नयाँ परिवेशअनुसारको कानुन निर्माणका लागि पहल गर्ने, मुलुकको कुल जिडिपी ५७ खर्ब पाँच अर्बलाई कम्तीमा ७५ खर्ब पुऱ्याउने गरी औसतमा वार्षिक सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने गरी समन्वयात्मक भूमिका निर्वाह गर्ने, पुँजी निर्माण र रोजगारी सिर्जनामा निजी क्षेत्रको हाल ८१ प्रतिशत योगदान रहेको वार्षिक २० प्रतिशत दरले थप रोजगारी सिर्जना गर्न पहल गर्ने, आर्थिक वर्ष २०८०/०८१ को अन्त्यसम्म प्रतिव्यक्ति आय १४ सय ५६ अमेरिकी डलर पुग्ने अनुमान रहेकोमा आगामी तीन वर्षमा प्रतिव्यक्ति आय कम्तीमा दुई हजार डलर पुऱ्याउने कार्ययोजनाका लागि पहल गर्नेलगायतका योजना रहेका छन् ।

त्यस्तै, राजस्वतर्फ प्रतिस्पर्धी कर नीति एवं करको दायरा विस्तार गर्न पहल गरिने, भन्सारमा दर घटाएर चोरी पैठारीलाई नियन्त्रण गर्न पहल गरिने, भन्सारमा कारोबार मूल्यलाई मान्यता दिई सन्दर्भ मूल्य खारेज गर्न पहल गरिने, विलासिताका वस्तु र आवश्यकताका वस्तुबीच एकै प्रकारको दर सामाजिक न्यायको दृष्टिकोणले पनि उचित नभएकाले फरक दर कायम गर्न पहल गरिने, मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागू गरी उपभोक्तालाई सुलभ मूल्यमा सामान उपलब्ध हुने वातावरण बनाइने उल्लेख छन् ।

वित्तीय व्यवस्थापनतर्फ लचिलो मौद्रिक नीतिमार्फत् वित्तीय सहजीकरणका लागि पहल गर्ने, साना तथा मध्यमखाले उद्यम व्यवसायमा जाने कर्जामा सहजीकरण गर्ने, अर्थतन्त्र चलायमान बनाउन एवं राजस्व वृद्धिका लागि घरजग्गा तथा सेयर धितो कर्जामा विद्यमान रहेको संकुचनकारी प्रावधान हटाउन पहल गर्ने, कृषि, ऊर्जा, सूचनाप्रविधि क्षेत्रमा जाने कर्जा वृद्धिका लागि पहल गर्नेलगायतका योजना पनि चेम्बरले अघि सारेको छ ।

## सिइओ सम्मेलन हुने




**काठमाडौं ।** कामको भविष्य: परिवर्तित परिदृश्य आत्मसात भन्ने नाराका साथ नेपाल व्यवस्थापन संघको आयोजनामा जेठ १८ गते काठमाडौंमा 'सिइओ कन्फरेन्स' हुने भएको छ । सम्मेलनमा अन्तर्राष्ट्रिय विज्ञबाट अनुसन्धानमा आधारित दृष्टिकोण, ज्ञान एवं विचार प्रस्तुत हुने बताइएको छ । कोरोना, अनिश्चितता तथा जोखिमले अर्थतन्त्रलाई गाँजिरहेका सन्दर्भमा सम्मेलनले वैश्विक मुद्दा सम्बोधनका लागि नेपालको व्यवस्थापनका सन्दर्भमा नवप्रवर्तनमा आधारित सोच, ज्ञान, व्यावहारिक पहल आदानप्रदान र सहकार्यका लागि मञ्च प्रदान गर्ने आयोजकको दाबी छ ।

नेपाल व्यवस्थापन संघका अध्यक्ष मोहनराज ओझाले सम्मेलनको मुख्य उद्देश्य सरोकारवालालाई प्रविधि, उदयमान उद्योग, नवप्रवर्तनमा आधारित व्यावसायिक मोडलद्वारा परिचालित परिवर्तित कार्यस्थलको भविष्य आत्मसात गर्न सहयोग गर्नु रहेको बताउनुभयो । आयोजकका अनुसार सम्मेलनमा चार विषयगत सत्र सञ्चालन हुनेछन् । पहिलो सत्र सम्मेलनको मुख्य विषवस्तुमा आधारित छ भने दोस्रो सत्रमा सफलताका कथा: शून्यदेखि आकाशसम्म, तेस्रो सत्र अस्थिर, अनिश्चित, जटिल र अस्पष्ट विश्वमा सफलता हासिल गर्ने रणनीतिमा आधारित रहनेछ । अन्तिम सत्र डिजिटल रूपान्तरणसम्बन्धी रहेको छ । कार्यक्रमका मुख्य वक्ता स्ट्राटेजाका संस्थापक एवं ग्लोबल म्यानेजिङ पार्टनर इयान पालिस्टर, इन्भेष्ट इण्डियाका सिइओ दिपक बागला, एमपी फिनटेकका प्रमुख सञ्चालन अधिकृत प्रभु रंगराजन र फ्युज मेसिनका संस्थापक डा. समीर मास्के रहेका छन् ।

## सेवा शुभारम्भका अवसरमा इजी डेन्टलमा छुट




**काठमाडौं ।** इजी डेन्टलले चाबहिलको महाकांलबाट सेवा सुरु गरेको छ । ३० वर्षको अनुभव, दक्ष चिकित्सक र अत्याधुनिक प्रविधिसहित शनिबारदेखि सेवा सुरु गरेको इजी डेन्टलले सेवा शुभारम्भका अवसरमा १५ दिनका लागि विशेष छुटको व्यवस्थासमेत गरेको छ । सेवा शुभारम्भका अवसरमा नि:शुल्क ओपिडी तथा परामर्श सेवाका साथै दाँत सफा गर्ने र जरादेखि दाँतको उपचार आरसिटी पनि नि:शुल्क गरिएको इजी डेन्टलका प्रमुख अजयकुमार रेग्मीले बताउनुभएको छ । इजी डेन्टलमा सामान्य दन्त चिकित्सा, बाल दन्त चिकित्सा, अर्थोडेन्टिक्स अर्थात् बांगोटिंगो दाँत मिलाउने सेवा उपलब्ध छ । त्यस्तै, सौन्दर्यिक दन्त चिकित्सा र दाँत निकाल्ने तथा दाँत मुखसम्बन्धी सर्जरी सेवासमेत रहेका छन् ।

## अभिकर्तालाई नेसनल लाइफको अवार्ड



**काठमाडौं ।** नेसनल लाइफ इन्स्योरेन्सले इटहरीस्थित होटल सोल्टी वेस्टेण्डका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीको सभापतित्वमा सम्मान कार्यक्रमको आयोजना गरी नेसनल अवार्डअन्तर्गत नेसनल रत्न छनोट हुन सफल कोशी र मधेश प्रदेशका करिब ८० जना अभिकर्तालाई सम्मान गरेको छ । सो अवसरमा बजार विभाग प्रमुख विवेक शर्माले व्यावसायिक अभिकर्ता उत्पादन गर्न कम्पनीले ल्याउने यसप्रकारको योजना प्रभावकारी हुने बताउनुभयो ।

समारोहमा नेसनल अवार्ड विजेतालाई कम्पनीको लोगो अंकित चाँदीको मेडल, सर्टिफिकेट र खादाबाट सम्मान गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत खत्रीले अभिकर्ता सञ्जाल प्रविधिमैत्री र व्यावसायिक बनाउन थप लगानी गरिएको र कम्पनीको व्यवसाय वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने अभिकर्ता समूहको वृत्ति विकासलाई प्राथमिकतामा राखी समयसापेक्ष प्रोत्साहन योजना ल्याइएका कारण नै नेपालभरबाट नेसनल रत्नमा उत्साहजनकरूपमा अभिकर्ता छनोट हुन सफल भएको बताउनुभयो । अन्य प्रदेशका बाँकी अभिकर्तालाई पनि छिट्टै नै सम्मान गरिने कम्पनीले जनाएको छ । कार्यक्रममा केन्द्रीय कार्यालयका प्रबन्धक विवेक शर्मा, सहायक प्रबन्धक सुस्मिता शर्मा, कोशी प्रदेश प्रमुख नरेन्द्रकुमार बाच्छाना राईलगायतको उपस्थिति रहेको थियो ।

## बिवाइडी गाडी खरिदमा ग्लोबलको सहुलियत

**काठमाडौं ।** ग्लोबल आइएमई बैंक र सिमेक्स इंक प्रालिबीच सहजरूपमा विद्युतीय सवारी कर्जा प्रवाह गर्ने सम्झौता भएको छ । सम्झौताअनुसार बैंकले सिमेक्स इंक प्रालि तथा उक्त कम्पनीका आधिकारिक बिक्रेताले बिक्री गर्ने बिवाइडी ब्राण्डका विद्युतीय सवारीसाधन खरिदमा आवश्यक कागजात तथा विवरणसहित बैंकको शाखा कार्यालयमा निवेदन दिएपछि नियमानुसार बैंकले उचित ठहऱ्याएका ग्राहकलाई तीन कार्य दिनभित्र सहजरूपमा सवारीसाधन कर्जा प्रवाह गर्नेछ । ग्रिन फाइनान्सिङ प्रवर्द्धन गर्न बैंकले व्यक्तिगत प्रयोजनका सवारीसाधनलाई न्यूनतम ब्याजदरमा कर्जा प्रवाह गर्दै आएको छ । सम्झौतापत्रमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल र सिमेक्स इंक प्रालिका सेल्स तथा सोरुम म्यानेजर सन्ध्या श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

## भ्रमपूर्ण विज्ञापनमा विज्ञापन बोर्डको 'एक्सन'




**काठमाडौं/हिटा ।** विज्ञापन बोर्डले सामाजिक सञ्जाललगायत विभिन्न माध्यममा भ्रमपूर्ण विज्ञापन हुने गरेको जनाएको छ । बोर्डले विभिन्न प्रकार र नामका चिया, तेल, स्याम्पो, औषधिजस्ता वस्तुले विभिन्न खालका रोग निको पार्ने तथा जुनसुकै स्वास्थ्य समस्या पनि समाधान गर्ने भन्दै चर्को मूल्य राखी बिक्रीवितरणका लागि भ्रमपूर्ण विज्ञापन प्रकाशन तथा प्रसारण गरेको अनुगमनका क्रममा पाइएको जनाएको छ । बोर्डका प्रवक्ता एवं प्रमुख प्रशासकीय अधिकृत निशानराज गौतमद्वारा आइतबार जारी विज्ञप्तिअनुसार त्यस्ता विज्ञापनमा वस्तु वा सेवा उत्पादन गर्ने व्यक्ति र कम्पनीको नामसमेत उल्लेख भएको नपाइएको र त्यस्ता विज्ञापनका विषयमा बोर्डमा उजुरीसमेत प्राप्त भइरहेको उल्लेख छ । बोर्डबाट श्रव्य, दृश्य तथा श्रव्यदृश्य विज्ञापन सामग्री प्रसारण गर्नुपूर्व परीक्षण गराएरमात्र प्रसारण गर्नुपर्ने व्यवस्था विज्ञापन(नियमन गर्ने) ऐन, २०७६ को दफा १५ ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को दफा ५ मा भएको साथै विज्ञापन गर्दा विज्ञापनकर्ताको नाम र ठेगाना स्पष्टरूपले उल्लेख हुनुपर्ने व्यवस्था ऐनको दफा ९ मा रहेकाले उक्त कानुनी व्यवस्थाविपरीत प्रसारण भएका त्यस्ता विज्ञापन तत्काल रोकी सूचना प्रकाशित मितिले तीनभित्र अनुमति लिएरमात्र प्रसारण गर्न, गराउन बोर्डले सचेत गएको छ । अनुमतिबेगर विज्ञापन निरन्तर प्रसारण गरेमा कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने चेतावनीसमेत बोर्डले दिएको छ ।

# विकट चेपाङ बस्तीमा राष्ट्रिय प्रसारणको बिजुली

**हिमालय टाइम्स**
काठमाडौं, ६ जेठ

अति सीमान्तकृत चेपाङ समुदायको बाहुल्यता रहेको धादिङ र चितवनका विकट बस्तीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको छ । धादिङको गजुरी तथा बेनिघाट रोराङ गाउँपालिका र चितवनको इच्छाकामना गाउँपालिकाका विकट चेपाङ बस्तीमा राष्ट्रिय प्रसारण लाइन पुऱ्याएर विद्युतीकरण गरिएको हो । नेपाल विद्युत् प्राधिकरणले चेपाङ समुदायलाई नि:शुल्क मिटरसमेत उपलब्ध गराएको जनाएको छ ।

प्राधिकरणले विद्युत्को पहुँच विस्तारका लागि मिटर नै किन्न नसक्ने पिछडिएका तथा आर्थिकरूपमा विपन्न घरपरिवारलाई नि:शुल्क विद्युत् मिटर वितरण गर्दै आएको छ । विपन्नले प्राधिकरणको मापदण्डअनुसारको पाँच देखि ३० एम्पिएर बक्ससहितको सिंगल फेज इनर्जी मिटर, एमसिबी बक्स नि:शुल्क पाउनेछन् भने प्राधिकरणले मिटर जडानका लागि सेवा शुल्क लिँदैन ।

चितवनको इच्छाकामना गाउँपालिका-१ कालिङमा शनिबार गरिएको कार्यक्रममा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गाउँपालिकालाई पूर्ण विद्युतीकरण भएको घोषणा गर्दै गाउँपालिकाका चेपाङ समुदायलाई नि:शुल्क मिटरसमेत वितरण गर्नुभयो ।

प्राधिकरणले इच्छाकामना गाउँपालिकाका सातवटा वडाको विद्युतीकरणका लागि चालु आर्थिक वर्षमा मात्र १५ करोड रुपैयाँभन्दा बढी रकम खर्च गरेको छ ।

कार्यकारी निर्देशक घिसिङले सरकारले उपलब्ध गराएको बजेट, प्राधिकरणले कमाएको नाफा र अन्तर्राष्ट्रिय वित्तीय संस्थामार्फत् सहुलियतपूर्ण ऋण लिएर देशलाई पूर्ण विद्युतीकरण गर्ने कार्य भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'सात/आठ वर्षअघि राष्ट्रिय प्रणालीबाट करिब ६० प्रतिशत जनसंख्यामा मात्र विद्युत्को पहुँच पुगेको थियो, विद्युत् पुगेको ठाउँमा पनि लोडसेडिङ थियो भने अन्य ठाउँ अन्धकारमै थिए, हाल लोडसेडिङ अन्त्य भई इतिहास बनेको छ, ९५ प्रतिशत जनसंख्यामा राष्ट्रिय प्रणालीको विद्युत् पुगेको छ, शतप्रतिशत विद्युतीकरणका लागि ठेक्का सम्झौता सम्पन्न भइरहेको छ । पहिले विद्युत् चाहियो भनेर प्राधिकरणका कार्यालयमा धाउनुपर्थ्यो भने अहिले विद्युत् नपुगेको घर खोज्दै हामी हिँडेका छौं, विकट क्षेत्रमा रहेको एउटा घरमा विद्युत् पुऱ्याउन लाखौं रुपैयाँ खर्च गरिएको छ, कुनै घरमा पनि छुट्नुभएन, छुटेको पाइएमा खबर गर्नुहोला ।'

विद्युत् खपत बढाउन विद्युतीय चुलोको प्रयोग गरी ग्याँस विस्थापन गर्न आग्रह गर्दै उहाँले जग्गा धनीपुर्जा नभएका सुकुम्बासीले विद्युत् मिटर लिँदा राख्नुपर्ने एक हजार धरौटी रकम व्यावहारिक नदेखिएकाले हटाइने पनि बताउनुभयो ।

मुद्दा नं. ०७८-Cp-०९९३ फाँट-२

**श्री सर्लाही जिल्ला अदालतबाट जारी गरिएको २१ दिने सूचना म्याद/इतलायनामा**

**जिल्ला सिन्धुपाल्चोक बराम्चीक गा.वि.स. वडा नं. ३ हाल ऐ. जिल्ला गढी नगरपालिका वडा नं. २ मा बस्ने गणेश बहादुर श्रेष्ठको नाति देवी बहादुर श्रेष्ठको छोरा वर्ष ४५ को शेरबहादुर श्रेष्ठको नाउँमा जारी भएको २१ दिने सूचना म्याद.........................................**

उप्रान्त वादी जिल्ला सर्लाही पर्सा गा.पा. वडा नं. ६ बस्ने उदिस प्रतिहष्तको छोरा बिमलेश प्रतिहष्त र प्रदिवादी तपाईं भएको धितो धरौटी जग्गा फिर्ता मुद्दामा यस अदालतबाट मिति २०८०/१२/२८ मा भएको आदेशानुसार तपाईंको नाउँमा यो २१ दिने सूचना म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यो म्याद प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ दिन भित्रमा आफैं वा कानुन बमोजिम वारेस वा कानुन व्यवसायी मार्फत लिखित प्रमाण सहित प्रतिउत्तरपत्र सहित हाजिर हुनुहोला । म्यादमा प्रतिउत्तरपत्र सहित उपस्थित नभए सो मुद्दामा कानुन बमोजिम फैसला हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको उजुर वाजिर लाग्ने छैन । ईति सम्वत् २०८१ साल जेष्ठ महिना ०३ गते रोज ५ मा शुभम् ।

**बालबालिकाप्रति अभिभावकको भूमिका**

- बालबालिकालाई निडर, सिपालु, सक्षम,योग्य र आतमनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सुपर वागमती हाइड्रोपावर लिमिटेड**
ललितपुर म.न.पा.–१०, ललितपुर

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**
(दोश्रो पटक प्रकाशित मिति २०८१/०२/०७)

यस कम्पनीको मिति २०८१/०२/०३ गते बिहिबार दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व. २०७९/०८० को वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनुहुन कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सावर्जनिक सूचना प्रकाशित गरिएको छ ।

**मिति, स्थान र समय:**
**मिति** : २०८१/०२/२६ गते, शनिबार अर्थात जुन ८, २०२४ ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, ललितपुर म.न.पा.-१०, ललितपुर ।
**समय** : विहान ११:०० बजे ।

**वार्षिक साधारण सभामा प्रस्तुत गरिने विषयहरु:**

क. **साधारण प्रस्ताव :**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन प्रस्तुति र सोलाई पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षण प्रतिवेदन र आ.व. २०७९/०८० को वार्षिक आर्थिक विवरण अन्तर्गत २०८० साल आषाढ मसान्तको वासलात, २०७९ साल श्रावण १ गतेदेखि २०८० साल आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री **Dev Associates Chartered Accountants** का चार्टर्ड एकाउन्टेन्ट् **श्री रजनिश दाहाल** नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।
४. सञ्चालक समिति गठन गर्ने सम्बन्धमा ।

ख. **विशेष प्रस्ताव :**

१. एक महिला सञ्चालक सहित ४ जना सञ्चालकको निर्वाचन सम्बन्धमा ।

ग. विविध

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**UAE मा रोजगारको अवसर**

**UAE स्थित ALEC Engineering and Contracting L.L.C बाट नेपाली कामदारहरुको माग भई आएकोले इच्छुक व्यक्तिहरुले आफ्नो सक्कल राहदानीसहित सम्पर्क राख्नुहोला ।**

पूर्व स्वीकृती मिति: २०८०/३/३१ LT. No.: 289236 चलानी नं.:६०२०४७१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 04 | 00 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,२४६ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कामदार आफैंले | दिने | कामदार आफैं | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

**फाइनल अन्तरवार्ता:** धनुषा जनकपुर उपमहागरपालिका गल्फ ट्रेनिङ सेन्टरमा २०८१ जेठ १४ गते (27 May 2024) का दिन हुनेछ ।
काठमाण्डौ महानगर पालिकामा रहेको शिखर इन्टरनेशनल ट्रेनिङ इन्षिट्च्युट प्रा. लि.मा २०८१ जेठ १४ गते (27 May 2024) का दिन हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

कुल लागत खर्च: नि:शुल्क

श्रम ईजाजत नं. २६१/०५८/०५९

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**त्रिशुली अस्पताल**
**बागमती प्रदेश**
**विदुर, नुवाकोट नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**कार्यालयमा प्रकाशित मिति २०८०/०२/०७**

उपरोक्त सम्बन्धमा यश त्रिशुली अस्पताल द्वारा मिति २०८०/११/३० गते प्रकाशन गरिएको विद्युतीय खरिद बोलपत्र गरेको ठेक्का न. TH/PLASMA/GOODS/10/080/81 को supply and installation of low temp plasma sterilization at trishuli hospital को लागि रितपुर्वक विद्युतीय खरिद प्रणालीमा सहभागी भई यस कार्यालयको मुल्याकन समितिको सिफारिसले प्राबिधिक र आर्थिक रुपमा मुल्याकन गर्दा रितपुर्वक दर्ता हुन आएका बोलापत्रदाताहरु मध्ये बाट मुल्याकन समितिको सिफारिसको आधारमा तपशिल बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतको लागि छनोट गर्ने निर्णय भएको हुदा सार्बजनिक खरिद एन २०६३ को दफा २७ को उपदफा २ बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न | ठेक्का नं. | कामको विवरण | स्वीकृतको हुने बोलपत्रको नाम र ठेगाना | जम्मा कबोल रकम (भ्याट बाहेक ) | कै |
|---|---|---|---|---|---|
| १. | TH/PLASMA/GOODS/10/080/81 | supply and installation of low temp plasma sterilization at trishuli hospital | नेशनल इलेक्ट्रो टेक प्रा.लि काठमाडौं | रु ८३,९९,००० (अक्षरुपि त्रियासी लाख उनान्सय हजार) | |

बोधार्थ
१. आरोग्य मेडीटेक प्रा.लि काठमान्डौ
२. मेडीक्राफ्ट हेल्थ इन्नोभेशन काठमाडौं

**नि अस्पताल निर्देशक, त्रिशुली अस्पताल नुवाकोट**

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल